महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

अर्जुनधारा नगरपालिका
झापा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं.१

पत्र संख्याः २०७८।७९
च.नं.३७९

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
झापा ।

कैफियतसहितको राय

हामीले अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू.७ करोड १३ लाख ४५ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजुमध्ये असुल गर्नुपर्ने रू.३५ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड ३ लाख १८ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ६५ लाख ८३ हजार र पेश्की रु.८ लाख ७२ हजार रहेको छ । नगरपालिकाको गत वर्षको रु.६ करोड १ लाख १० हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.१३ करोड १२ लाख ५ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

अर्जुनधारा नगरपालिका, झापा

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५४	६२	७१३४५	०	०	०	५४	६२	७१३४५	३५७२	२६५८३	४०३१८	०	०	६६९०१	८७२

अद्यावधिक बेरुजु स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
झापा	६०११०	०	२५०	५९८६०	०	७१३४५	१३१२०५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : अर्जुनधारा नगरपालिका, झापा , अर्जुनधारा नगरपालिका , झापा

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	गिता कुमारी राई	२०७८-९-१९	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	तोयानाथ रेग्मी	२०७७-१२-६	
कार्यालय प्रमुख	ambika prasad chaulagain	२०७८-३-२	२०७८-९-१५
कार्यालय प्रमुख	mahendra kumar khamyang	२०७७-६-१८	२०७७-१२-५
कार्यालय प्रमुख	pankaj bhurtel	२०७७-४-१	२०७७-६-१३
लेखा प्रमुख	bipin lamsal	२०७८-७-२२	
लेखा प्रमुख	ramchandra ghimire	२०७७-४-१	२०७८-५-२३
		बेरुजु रकम	७१,३४५,६६६

स्थानीय तह :

https://nams.oag.gov.np

गत बर्षको जिम्मेवारी		७,१४,५५,५१७.५५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	७१,०६,११,०६३.४८	**चालु खर्च**	१४,२७,१९,८२६.६८
प्रदेश सरकारबाट अनुदान	१,८०,२८,०००	**पूँजीगत खर्च**	१६,७२,५८,६०३.६१
राजश्व बाँडफाँट	१५,६९,९०,७९६.२५	**वित्तीय/अन्य व्यवस्था**	४७,४०,४२,०४१.६८
आन्तरिक आय	७,४१,९१,५६९.३१		
अन्य आय	२,४२,५१,८३१.६२		
कुल आय	९८,४०,७३,२६०.६६	**कुल खर्च**	७८,४०,२०,४७१.९७
बाँकी मौज्दात		२७,१५,०८,३०६.२४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न अर्जुनधारा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस नगरपालिका अन्तर्गत ११ वडा, नगरसभा सदस्य ६० जना, १०९.८६ व.कि.मी. क्षेत्रफल, ४५१७४ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ ।	
२			**वित्तीय विश्लेषण**	

प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		८०१७८८५३७	८३३२५८५११.९१		८३३२५८५११.९१	९००२०१२५६.५८		९००२०१२५६.५८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		७७६८६२४१०	७५४५१७५०२.७९	०	७५४५१७५०२.७९	६६३७२१४११.५८	०	६६३७२१४११.५८
११००० कर	११	१५८७४१००९	१९५२९४८६२.६५	०	१९५२९४८६२.६५	८४५९८०६४.५७	०	८४५९८०६४.५७
१३००० अनुदान		५३७१९६१२०	५२३५७४५६७.५	०	५२३५७४५६७.५	५०२४९१९९६.२६	०	५०२४९१९९६.२६
संघीय सरकार	१२	५०७१६२१२०	५०४१०७६२०	०	५०४१०७६२०	४३७९९००००	०	४३७९९००००
प्रदेश सरकार	१२	१८०२८०००	१८०२८०००	०	१८०२८०००	५२१०५०००	०	५२१०५०००
अन्तरिक श्रोत	१२	२८०००००	१३८८९४७.५	०	१३८८९४७.५	२८०००००	०	२८०००००
जनसहभागिता		९२०६०००	५००००	०	५००००	९५९६९९६.२६	०	९५९६९९६.२६
१४००० अन्य राजस्व		८०९२५२८१	३५२८५६३७.७९	०	३५२८५६३७.७९	७६६३१३५०.७५	०	७६६३१३५०.७५
१५००० विविध प्राप्ति		०	३६२४३४.८५	०	३६२४३४.८५	०	०	०
ख. अन्य प्राप्ति		२४९२६१२७	७८७४१००९.१२		७८७४१००९.१२	२३६४७९८४५		२३६४७९८४५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			वितरण गर्न बाकी राजस्व		०	४०१०६६३६	०	४०१०६६३६	१००	०	१००	
			कोषहरु		२४९२६१२७	२९४०३४१६	०	२९४०३४१६	१०६१२९१३	०	१०६१२९१३	
			धरौटी		०	९२३०९५७.१२	०	९२३०९५७.१२	०	०	०	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	२२५८६६८३२	०	२२५८६६८३२	
			भुक्तानी (ग+घ)		८५६७३६६०७.९८	५८२३००६३८.४९		५८२३००६३८.४९	८०३४४२१७०.९७		८०३४४२१७०.९७	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		८३१८१०४८०.९८	५५८०९४५१५.४९		५५८०९४५१५.४९	५७१४७७४२५.९७		५७,७	
			२१००० पारिश्रमिक / सुविधा	१८	७४७३५१७९	६३३७४७१८.४७	०	६३३७४७१८.४७	२१३३३७३९४.१३	०	२१३३३७३९४.१३	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	१६०२६१२७०	९१९२८४५०.९	०	९१९२८४५०.९	८४०२२६७२.०२	०	८४०२२६७२.०२	
			२६००० अनुदान	१८	१९९४४४०००	१७४२४४७९२.४७	०	१७४२४४७९२.४७	१९१३१६७२.७	०	१९१३१६७२.७	
			२७००० सामाजिक सुरक्षा	१८	२६८९९०००	२०७१३५६७	०	२०७१३५६७	२९७९०८३०	०	२९७९०८३०	
			२८००० अन्य खर्च	१८	९२३५०००	३१५७२८९.७२	०	३१५७२८९.७२	२३६६९१०	०	२३६६९१०	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३५९७३६०३१.९८	२०३१७५६९६.९३	०	२०३१७५६९६.९३	२२२८२७९४७.१२	०	२२२८२७९४७.१२	
			३२००० वित्तीय सम्पत्ति	१८	१५००००००	१५००००००	०	१५००००००	०	०	०	
			घ. अन्य भूक्तानी		२४९२६१२७	२४२०६१२३		२४२०६१२३	८०३४४२१७०.९७		८०३४४२१७०.९७	
			कोषहरु		२४९२६१२७	१९३८०५१३	०	१९३८०५१३	६०९७९१३	०	६०९७९१३	
			धरौटी		०	४९०१२७८	०	४९०१२७८	०	०	०	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	२२५८६६८३२	०	२२५८६६८३२	
			कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-७५६६८		-७५६६८				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			ङ. यो वर्षको बचत (न्युन)		-५४९४८०७०.९८	२५०९५७८७३.४२		२५०९५७८७३.४२	९६७५९०८५.६१		९६७५९०८५.६१	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			६४९९०७९२.८२		६४९९०७९२.८२	२१५२८५०१.५८		२१५२८५०१.५८	
			वर्षान्तको बाकी रकम (ङ + च)		-५४९४८०७०.९८	३१५९४८६६६.२४		३१५९४८६६६.२४	११८२८७५८७.१९		११८२८७५८७.१९	
			बैंक तथा नगद बाकी	२४		३११५०६७७७.२४		३११५०६७७७.२४	११६२१३८५१.१९		११६२१३८५१.१९	

- पालिकाले लेखापरीक्षणलाई पेश गरेको प्राप्ति भुक्तानी हिसाव विवरणमा कट्टी गरिएको कर रकम रु.७५६६८/- लाई दाखिला नगरी ऋणात्मक देखाएको साथै वर्षान्तको बाँकी रकम रु.५४९४८०७०.९८ लाई समेत ऋणात्मक देखाई यस वर्षको बचतमा सोही रकमलाई ऋणात्मक हिसावमा देखाई प्राप्ति भुक्तानी हिसाव पेश गरेकोले अनुसूची-२४ बमोजिम रु.३११५०६७७७.२४ देखाएकोमा उक्त ऋणात्मक हिसावलाई भिडान गरी पेश नगरेकोले यस वर्षको हिसाव फरक परेको छ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३	विभिन्न		**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाले यस वर्ष सम्म आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन । आन्तरिक नियन्त्रण प्रणाली लागु नगरेकोमा देखिएका अन्य व्होराहरुः • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको पाईएन • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन • कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा नगरेको • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा गरेको पाईएन • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन । • अधुरा आयोजनाको समिक्षा सबै अधुरा आयोजनाहरुको अभिलेख एकिकृत गरी अद्यावधिक गरेको पाईएन । • सबै खाताको बैंक हिसाब मिलान विवरण तयार गरी अद्यावधिक गरिएको पाईएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४	१३	२०७७-७-५	**धरौटीतर्फः** सार्वजनिक खरिद नियमावली**,** २०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्शन मनि फिर्ता भुक्तानी गर्दा पालना गर्नुपर्ने नियम सम्बन्धमा व्यवस्था छ । आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र, मू.अ.कर समायोजन र संयुक्सत उपक्रमको हकमा आय विवरण समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले समता । महांकाल भगवती जे.भी.को धरौटी फिर्ता गर्दा करचुक्ता, मू.अ.कर समायोजन र आय विवरण लगायतको प्रमाण संलग्न नगरी फिर्ता गरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु...	४९४,३२७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**अभिलेख व्यवस्थापनः**	
५.१	विभिन्न		**सूचना प्रविधि पद्धतितर्फः म**हालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाको स्वामित्व र नियन्त्रणमा रहेको सूचना प्रविधि सम्बन्धि विवरण लेखापरीक्षणमा पेश नभएकोले यस सम्बन्धमा एकिन गर्न सकिएन ।	
५.२	विभिन्न		**मर्मत अभिलेखः म**हालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । सवारी साधन र मेशिन प्रयोगकोअभिलेख राख्न म. ले. प. फाराम ९०५ को(सवारी साधन र मेशिन प्रयोगको लगबुकको)व्यवस्था भएकोमा पालिकाले उल्लेखित ढाँचामा सवारी साधन र मेशिन प्रयोगको अभिलेख अद्यावधिक राख्ने गरेको पाईएन । नियमको व्यवस्थाको पालना गर्नुपर्दछ ।	
५.३	विभिन्न		**भ्रमण अभिलेखः** महालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । भ्रमण खर्चको अभिलेख राख्न म.ले.प फारम नं.९०७(दैनिक कार्य सम्पादन विवरण), म.ले.प फारम नं.९०८(भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता) र म.ले.प फारम नं.९०९(भ्रमण प्रतिवेदन ढाँचा) को व्यवस्था रहेकोमा अभिलेख अद्यावधिक राखेको पाईएन । कानूनको व्यवस्थाको पालना हुनुपर्दछ ।	
५.४	विभिन्न		**बेरुजु लगतः म**हालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन । नियमको व्यवस्थाको पालना गरि लगत अद्यावधिक गर्नुपर्दछ ।	

म. ले. प. फाराम ८०१	बेरुजु लगत
म. ले. प. फाराम ८०२	बेरुजुको कार्यालयगत प्रतिवेदन
म. ले. प. फाराम ८०३	बेरुजुको केन्द्रिय कार्यालयगत लगत
म. ले. प. फाराम ८०४	बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
म. ले. प. फाराम ८०५	सम्परीक्षण गोश्वारा अभिलेख खाता

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td>विभिन्न</td><td></td><td>

रकमान्तर

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सभाबाट पारित स्वीकृत बजेट खर्च गर्दा तोकिएको आधारमा गर्नुपर्ने व्यवस्था छ । योजना तथा कार्यक्रममा विनियोजन भएको रकमबाट संचालन गरी खर्च गर्दा नपुग भएमा वा कार्यक्रम संसोशन भएमा रकमान्तर गरी स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्नेमा कार्यालयले अधिकांश योजनाहरुमा स्वीकृत विनियोजन भन्दा बढी खर्च गरेकोमा रकमान्तर गरी खर्च समर्थन गरेको पाइएन । कानूनमा भएको व्यवस्था पालना गरेरमात्र खर्च गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>७</td><td>विभिन्न</td><td></td><td>

क्षेत्रगत बजेट तथा खर्चः

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्दा तोकिएका क्षेत्र र उपक्षेत्रगतमा लिएका लक्ष्य अनुरुप प्रगति हासिल गर्नको लागि बजेट प्रस्ताव गर्दा दिगो विकास लक्ष्य हासिल हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्षको क्षेत्रगत खर्च विवरण निम्नानुसार देखिएको छ ।

<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>९,४५,५८,२७०</td><td>३,५९,४६,४४८</td><td>३८.०२</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>३०,३३,९१,१२४</td><td>२३,८२,१९,१६३.८८</td><td>७८.५२</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>२७,०७,१०,९०७.९८</td><td>१६,६४,०२,९५०.०५</td><td>६१.४७</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>३,१५,४६,०००</td><td>१,६८,७८,२०५</td><td>५३.५</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१३,१६,०४,१७९</td><td>१०,०६,४७,७४८.५६</td><td>७६.४८</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>८३,१८,१०,४८०.९८</td><td>५५,८०,९४,५१५.४९</td><td>६७.०९</td></tr>
</table>

उपरोक्तानुसार कार्यालयले पूर्वाधार विकासमा स्वीकृत गरेको विनियोजन अन्य क्षेत्रको भन्दा तुलनात्मक रुपमा कम रहेको छ । प्रशासनीक तर्फको खर्च विनियोजनको तुलनामा सबै भन्दा बढी खर्च भई रहेको अवस्था देखिएकोले प्रशासनीक खर्चमा नियन्त्रण गरी पूर्वाधार तर्फको लगानीमा वृद्धि गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>८</td><td>विभिन्न</td><td></td><td>

बढी ग्रेड भुक्तानीः

पालिका अन्तर्गत कार्यरत शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा पेश भएको शिक्षक किताबखानाबाट प्रमाणित २०७८ बैशाख देखि लागुहुने तलबी प्रतिवेदनलाई आधार मानी परीक्षण गर्दा निम्न शिक्षकहरुको २०७८ बैशाख देखि कायम हुने ग्रेड दरबाट २०७७ श्रावण देखि चैत्रसम्मको क.सं.कोष थपसमेत सम्बन्धित विद्यालयमा निकासा दिएको पाईएकोले बढी निकासा रकम एकिन गरी संघिय सञ्चित कोष दाखिला हुनुपर्ने रु...

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">विद्यालय</th><th rowspan="2">शिक्षकको नाम</th><th rowspan="2">भुक्तानी महिना</th><th colspan="3">२०७७ श्रावण देखि चैत्रसम्म</th><th rowspan="2">क.सं.कोष थप समेत बढी भुक्तानी रकम</th></tr>
<tr><th>पाउने ग्रेड</th><th>दिएको ग्रेड</th><th>बढी भुक्तानी दर</th></tr>
</table>

</td><td>१९३,७१३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	१	सिंहदेवी मा वि	खगेन्द्र प्रसाद खतिवडा	९	४४३५	५३२२	८८७	८७८१.३०		बेरुजु रकम
				२	सिंहदेवी मा वि	विष्णु प्रसाद बास्कोटा	९	४४३५	५३२२	८८७	८७८१.३०		
				३	अर्जुनधारा मा वि	राधिका देवी थापा	९	४४३५	५३२२	८८७	८७८१.३०		
				४	भानु मावि	कमला ओझा	९	४४३५	५३२२	८८७	८७८१.३०		
				५	लक्ष्मी मा वि	गंगाराम भट्टराई	९	४४३५	५३२२	८८७	८७८१.३०		
				६	अर्जुनधारा संस्कृत मावि	मन प्रसाद खनाल	९	४४३५	५३२२	८८७	८७८१.३०		
				७	शनिश्चरे मावि	दिव्यकला गिरी	९	४४३५	५३२२	८८७	८७८१.३०		
				८	महारानीगंज मा वि	मनोरथा खतिवडा	९	४४३५	५३२२	८८७	८७८१.३०		
				९	भिमले आवि	उपेन्द्र प्रसाद गौतम	९	४४३५	५३२२	८८७	८७८१.३०		
				१०	भिमले आवि	विष्णु प्रसाद बुढा क्षेत्री	९	४४३५	५३२२	८८७	८७८१.३०		
				११	भानु आ वि	युवराज शिवाकोटी	९	४४३५	५३२२	८८७	८७८१.३०		
				१२	भानु आ वि	पदम बहादुर कन्दङवा	९	४४३५	५३२२	८८७	८७८१.३०		
				१३	आ वि कञ्चनवारी	टंकनाथ न्यौपाने	९	६५८०	७५२०	९४०	९३०६		
				१४	अरुणोदय आ वि	राधा अधिकारी	९	४४३५	५३२२	८८७	८७८१.३०		
				१५	अरुणोदय आ वि	खेम प्रसाद रेग्मी	९	४४३५	५३२२	८८७	८७८१.३०		
				१६	सिंहेश्वरी प्रा वि	रमा रेग्मी	९	४४३५	५३२२	८८७	८७८१.३०		
				१७	सरस्वती प्रा वि	सिता देवी ढुंगेल भण्डारी	९	४४३५	५३२२	८८७	८७८१.३०		
				१८	सरस्वती प्रा वि	टंकमाया रिजाल	९	४४३५	५३२२	८८७	८७८१.३०		
				१९	चन्द्रोदय प्रा वि	प्रकाश भण्डारी	९	४४३५	५३२२	८८७	८७८१.३०		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय										बेरुजु रकम
				२०	प्रा वि सनिश्चरे	कल्पना दाहाल	९	४४३५	५३२२	८८७	८७८१.३०		
				२१	प्रा वि सनिश्चरे	धनपति दाहाल	९	४४३५	५३२२	८८७	८७८१.३०		
				२२	सिंहवाहिनी प्रा वि	गोपिकृष्ण गौतम	९	४४३५	५३२२	८८७	८७८१.३०		
				जम्मा							**१९३७१३.३०**		
९			**खरिद व्यवस्थापन**										
९.१			नेपाल सरकार अर्थ मन्त्रालय को निर्णय र परिपत्र अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सवारि साधन खरिदमा रु१५ लाख विनियोजन गरी १२ थान मोटरसाइकल तथा स्कुटर खरिद गरेकोमा खरिद गर्नु अघि स्रोत नखुलाइ खर्च गरेको पाइयो। कानूनमा भएको व्यवस्थाको पालना गरेर मात्र खरिद गर्नु पर्दछ।										
९.२			सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार सामान आपूर्तिमा तथा निर्माण कार्य गराउदा खपत गरिएका सामाग्री समेतको गुणस्तर परीक्षण र निरीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत गरिएका निर्माण कार्य तथा अधिकांश ठेक्कापट्टाको काममा प्रयोग भएका निर्माण सामाग्रिहरुको गुणस्तर परीक्षण गराई टेष्ट रिपोर्ट नलिई भुक्तानी गरेको देखियो । नियममा भएको व्यवस्थाको पालना गरेरमात्र निर्माण र खरिद सम्बन्धी कार्य गर्नुपर्दछ										
९.३			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनु पर्नेछ र त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरुबारे जानकारी दिनु पर्ने व्यवस्था गरेको छ। तर पालिकाले नियमित रुपमा परीपालना गरेको देखिएन।										
१०			**संगठन तथा कर्मचारी ब्यवस्थापन**										
१०.१			**दरवन्दी पदपूर्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण मा प्राप्त विवरण अनुसार ६२ दरवन्दि मा ५३ कार्यरत र १० रिक्त देखिएको मा पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाईएन। अतः संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम तथा दरवन्दि स्विकृत गरि पदपुर्ति गर्नु पर्दछ ।										

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>करार कर्मचारीः ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिनसकिने व्यवस्था गरेको छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि नगरपालिका तर्फ ६२ र स्वास्थसंस्था तर्फ ३० गरि जम्मा ९२ जना कर्मचारी करारमा राखि रु १८४६१३२२ तलव भत्तामा खर्च लेखेको छ । त्यसैगरी ऐनमा तोकिएको पद बाहेकको सहायक चौथो, पाँचौ लगायत विभिन्न पदमा समेत थप ६ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३४२३४०।- भुक्तानी गरेको कार्य अनियमित देखिएको रु.</td><td>३४२,३४०</td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>तलवी प्रतिवेदनः प्रदेश नं. निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०७७।७८ को तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा रु. २८०१९८९८/- खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>योजना छनौटःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट गरि कार्यान्वियन गर्नु पर्ने व्यवस्था छ। पालिकाले आ ब २०७७२०७८मा योजनाहरुको छनौट गर्दा वडागत रुपमा सम्वन्धित वडा बाट सिफारिस भइ आएका तथा नगरस्तरीय योजना उल्लेख गरी स्विकृति गरेको पाइयो।</td><td></td></tr>
<tr><td>११</td><td>१५८</td><td>२०७८-३-२८</td><td>बढी दरले पाठ्यपुतक अनुदान निकासाः
संघीय सरकारबाट प्राप्त बजेट तथा कार्यक्रम संचालन गर्दा कार्यक्रम कार्यान्वियन पुस्तिकामा तोकिएको व्यवस्था पालना गरी गर्नुपर्ने व्यवस्था छ । चालु आर्थिक वर्षमा पाठ्यक्रम विकास केन्द्रले कक्षा ६ को पाठ्यपुस्तकको दर रु.७१२।८० स्वीकृत गरेकोमा तपसिलको विद्यालयमा रु.७९७/- को दरले पालिकाले पाठ्यपुस्तक अनुदान रकम निकासा दिएकोमा फरक दरले अनुदान निकासा गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>ठेगाना</th><th>विद्यार्थी संख्या</th><th>बढी दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>श्री भानु आधारभुत विद्यालय</td><td>अर्जुनधारा-३</td><td>२७</td><td>८४.२</td><td>२२७३.४</td></tr>
<tr><td>२</td><td>श्री आधारभुत विद्यालय कञ्चनबारी</td><td>अर्जुनधारा-५</td><td>२१</td><td>८४.२</td><td>१७६८.२</td></tr>
<tr><td>३</td><td>श्री कालिस्थान मा.वि</td><td>अर्जुनधारा-९</td><td>३०</td><td>८४.२</td><td>२५२६</td></tr>
<tr><td>४</td><td>श्री महारानीगञ्ज मा.वि</td><td>अर्जुनधारा-११</td><td>२४</td><td>८४.२</td><td>२०२०.८०</td></tr>
<tr><td>५</td><td>श्री अर्जुनधारा संस्कृत आदर्श मा.वि</td><td>अर्जुनधारा-७</td><td>६</td><td>८४.२</td><td>५०५.२</td></tr>
<tr><td>६</td><td>श्री नवदुर्गा आधारभुत विद्यालय</td><td>अर्जुनधारा-४</td><td>४०</td><td>८४.२</td><td>३३६८</td></tr>
</table></td><td>४१,६७९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				७	श्री गणेश आधारभुत विद्यालय	अर्जुनधारा-१	३६	८४.२	३०३१.२		
				८	श्री अरुणोदय आधारभुत विद्यालय	अर्जुनधारा-७	१६	८४.२	१३४७.२		
				९	श्री जनता मा.वि	अर्जुनधारा-३	६५	८४.२	५४७३		
				१०	श्री सिंहदेवी मा.वि	अर्जुनधारा-१	३८	८४.२	३१९९.६		
				११	श्री भिमले आधारभुत विद्यालय	अर्जुनधारा-१	७	८४.२	५८९.४०		
				१२	श्री शनिश्चरे मा.वि	अर्जुनधारा-८	२४	८४.२	२०२०.८०		
				१३	श्री अर्जुनधारा मा.वि	अर्जुनधारा-४	२८	८४.२	२३५७.६०		
				१४	श्री लक्ष्मी मा.वि	अर्जुनधारा-६	७४	८४.२	६२३०.८०		
				१५	श्री भानु मा.वि	अर्जुनधारा-५	५९	८४.२	४९६७.८०		
				जम्मा					**४१६७९**		
१२			**शैक्षिक गुणस्तर र अनुगमन**								
१२.१	विभिन्न		लेखापरीक्षणमा माग भए अनुसारको विद्यालय अनुगमन मापदण्ड निर्धारण, अनुगमन लगायतको विवरण पेश नभएको कारण यस सम्बन्धमा एकिन गर्न सकिएन ।								
१२.२	विभिन्न		लेखापरीक्षणमा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन गर्न आवश्यक मापदण्ड, अनुगमन प्रतिवेदन लगायतको विवरण पेश नभएको कारण यस सम्बन्धमा एकिन गर्न सकिएन ।								
१३			**कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था भएकोमा पालिकाले हाल सम्म ८ ऐन ३ नियमावली १३ कार्यविधि २ निर्देशिका निर्माण भइ कार्यान्वयनमा ल्याएको छ।								

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्वन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिमका विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार यस पालिकामा आ ब २०७७।७८वाट जम्मा २१ मुद्दा सरि आएको र यस वर्ष ८७ मुद्दा दर्ता भएको मध्ये ५७ मुद्दा फर्छ्यैट, ९ मुद्दा सम्वन्धित कार्यालयमा सिफारिस भइ ४२ मुद्दा बाँकि रहेको देखिएको छ। न्याय सम्पादन प्रकृया लाइ ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।	
१५			**अनुगमन भत्ता** गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ (ख) मा नगरपालिका प्रमुखको रु. 11000/-, उपप्रमुखको रु. 11000/-, वडाध्यक्षको रु. 4500/- र कार्यपालिका सदस्यको रु. 2000/- मासिक अनुगमन भत्ताको व्यवस्था छ । उक्त अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नभएतापनि अनुगमन वापत एक मुष्ट भत्ता बुझिलिएकोमा प्रतिवेदन पेश नभएको रु.	१,०५०,०००

पद	संख्या	मासिक अनुगमन भत्ता दर	वार्षिक अनुगमन भत्ता
प्रमुख	1	11000	132000
उप-प्रमुख	1	11000	132000
वडाध्यक्ष	११	4500	५९४०००
कार्यपालिका सदस्य	८	2000	१९२०००
जम्मा			१०५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु५२८५९८० खर्च गरेको छ ।खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**आर्थिक सहायता** स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहलाई प्राप्त अनुदान रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । पालिकाले आर्थिक सहायता वितरण गर्ने मापदण्ड र सीमा सम्बन्धी कार्यविधि तयार नगरि विभिन्न संथा तथा व्यक्ति लाई रु २०५३२७० आर्थिक सहायता प्रदान गरेको छ। विकास निर्माणका लागि प्राप्त रकमलाई नतिजामुलक तथा प्रतिफलमुखी कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।	
१८			**प्रेस सल्लाहकार** गाउँ तथा नगरसभाकासदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरुको लागि प्रेस सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन ।नगरपालिकाको 2076/5/11 को निर्णयअनुसार नगर प्रमुखको प्रेस सल्लाहकार नन्दलाल खतिवडालाई मासिक पारिश्रमिक रु.20,000। का दरले रु.2,40,000। खर्च लेखेकोमा कानुनमा नगरपालिकामा प्रेस सल्लाहकार राख्न सकिने कानुनी व्यवस्था नभएको हुँदा उक्त खर्च नियमित नदेखिएको रु.	२४०,०००
१९			**सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग**	
१९.१			स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस नगरपालिकामा समाहित भएका साविकका संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख र कोषहरु हस्तान्तरण गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरुमा रहेका कोषहरु एकीकृत गरी पालिकाका कोषमा अद्यावधिक गरेको पाइएन ।	
१९.२			स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफु मातहत रहेको सार्वजनिक सम्पत्ति जग्गाको अभिलेख अद्यावधिक गरी संरक्षण गर्नुपर्ने र संरक्षित जग्गाको उपयोग सम्बन्धमा नीति र मापदण्ड तयार गर्नुपर्ने । सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन समेत गर्नुपर्ने व्यवस्था भएको यस सम्बन्धी अद्यावधिक अभिलेख खडा नगरेको यो वर्ष अव्यवस्थित बसोवास र सुकुम्बासीको लगत लिने कार्यमा भुमी आयोगसँग सम्झौता गरी तथ्याङ्कन संकलन गर्ने कार्यमा खर्च भएतापनि उक्त अभिलेखलाई आफ्नो प्रयोजनको लागि वा तथ्याङ्कनको लागि प्रयोग गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना गरी सार्वजनिक सम्पत्ति र जग्गाको संरक्षण गर्नुपर्दछ ।	
२०			**राजस्व आयको अभिलेख स्थिति**	
२०.१			स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पालिकालाई प्राप्त हुने सबै प्रकारका संभावित आय स्रोतहरुको उचित पहिचान गरी असुल गर्नुपर्ने व्यवस्था भएतापनि बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुअघि राजस्व परामर्श समितिको बैठकबाट उल्लेख गरिएका स्रोतहरुको आधारमा बजेट अनुमान तयार गरिने गरेको पाइयो । पालिकाले आफ्नो क्षेत्र भित्रका राजस्व स्रोतका सम्भावित सबै स्रोत पहिचान गरी राजस्व वृद्धि गर्नुपर्दछ ।	
२०.२			आय प्राप्तिका लागि भएका (बहाल, लाइसेन्स, शुल्क जस्ता) सम्झौताहरु उचीत तरीकाले राखी सो अनुसारको असुल उपर र बाँकीको अवस्था लिई तोकिएको समयभित्रै राजस्व असुल भएको यकिन गर्नुपर्ने गरी तोकिएको छ । पालिकाले विभिन्न आय ठेक्काका व्यवसायीसँग सम्झौता मार्फत कार्य गर्ने गरेकोमा कोभिडको कारण संचालन नभएको अवस्था देखाई विभिन्न हाट बजार समेतका कवुलकर्ताहरुले तोकिएको अवधि भित्र सबै रकम बुझाए नबुझाएको अद्यावधि अभिलेख राखी असुली गर्नुपर्नेमा अभिलेखलाई व्यवस्थित रुपले राखेको र असुली भैसकेको भन्ने आधार देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०.३			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले राजस्व असुली र दाखिला सम्बन्धमा व्यवस्था गरी आफ्नो जिम्मामा आएको सरकारी रकम तोकिए बमोजिम दाखिला गरी श्रेस्ता तयार गर्नुपर्नेमा वडा कार्यालयबाट संकलन गरिएको रकम ढिलो गरी दाखिला हुने तथा अन्य विवरणहरु समेत तोकिएका कर्मचारीले प्राप्त गर्न सक्ने गरी अभिलेख राख्नु पर्नेमा खोला ठेक्का सम्बन्धीको सूचना प्रकाशन लेखापरीक्षणमा पेश भएन । दुरुपयोग नहुने गरी राजस्व सम्बन्धीका अभिलेखहरु सुरक्षित राख्नुपर्दछ ।	
२०.४			कार्यालयलाई प्राप्त हुने सबै प्रकारको राजस्वको लगत अद्यावधिक गरी राख्नुपर्नेमा असुल नभएको राजस्वको लगत तयार गरी राख्ने गरेको पाइएन । गत विगत वर्षबाट उठ्न बाँकी मध्ये यस वर्ष असुल भएको र यस वर्षको प्राप्त हुन बाँकी राजस्वको विवरण तयार गरी पेश नरेकोले राजस्वको अद्यावधिक अवस्था यकिन गर्न सकिएन ।	
२०.५			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ मा राजस्वको अभिलेख र लेखाङ्कन तथा कारोवार सम्बन्धी व्यवस्था गरी लगत अद्यावधिक गर्नुपर्ने, राजस्व निर्धारण र असुलीका अभिलेखहरुलाई अद्यावधिक गराउनुपर्ने गरी तोकिएको छ । कार्यालयले राजस्व असुलीका लागि सूचना प्रविधीमा आधारित राजस्व संकलनको सफ्टवेयर संचालनमा ल्याएको भएतापनि उक्त सफ्टवेयरलाई सूचना प्रविधि विभागबाट प्रमाणीकरण गराएको पाइएन । साथै राजस्व अभिलेखको लागि स्वीकृत मलेप फाराम नं १०१ देखि ११५ का फारमहरुलाई पूर्ण रुपमा लागु गरेको देखिएन । ऐनले तोकिए बमोजिम राजस्व सम्बन्धी अभिलेख तयार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**पेश्की** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौताको शर्त अनुसार कट्टी गर्नुपर्ने व्यवस्था छ । कर्मचारी तथा अन्यलाई दिएको पेश्की रकम कार्यालय फर्की हाजिर भएको २१ दिन भित्रमा पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था भएतापनि देहाय बमोजिम पेश्की बाँकी देखिएकोले नियमानुसार पेश्की फर्स्यौट हुनुपर्दछ रु.	८७२,०००

पेश्कीको विवरण	पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम	म्याद ननाघेको पेश्की	म्याद नाघेको पेश्की
नगरस्तरीय मर्मत संभार कोष	अनुपमा सि.टि. कन्ट्रक्सन प्रा.लि.	६४२०००	
चियाबारी गेट जोड्ने कृषि मार्ग कालोपत्रे	सिंह निर्माण सेवा	४८००००	
वडा नं. 7,8,9 र १० को सडक कालोपत्रे	सिंह निर्माण सेवा	२७०००	
Ward-3 वडा कार्यालय अगाडी व्यवसायीक भवन निर्माण	बस विल्डर्स प्रा.लि.	९५९२१	
वडा कार्यालय भवन निर्माण	गरिमा निर्माण सेवा	३४५०००	
मदन आश्रित मार्ग कालोपत्रे	सिंह निर्माण सेवा	८८००००	
मसलन्द तथा कार्यालय सामग्री	विश्वनाथ गौतम	१००००	
भूमिहिन दलित, भुमिहिन सुकुम्बासी विवरण संकनल	चुडामणी निरौला	१८५००	
नगरस्तरीय खेलकुद विकास कार्यक्रम	तिवेन्द्र अधिकारी	०	७५०००
सूचना प्रविधि संचालन गोष्ठी	विनोद खनाल	०	१०००००
अन्य सामाजिक सहायता नगरपालिका	आधारभुत स्वास्थ्य केन्द्र अर्जुनधारा	३००००	०
सडक वोर्ड तर्फ	खनाल निर्माण सेवा		६९७०००
जम्मा		२५२८४२१	८७२०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**आर्थिक सहायता तथा अन्य खर्च**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२.१			महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेर मात्र खर्च गर्नु पर्दछ। तर पालाकाले मापदणड नवनाई विभिन्न रोगको उपचार धार्मिक कार्यको लागि सहायता सशस्त्र प्रहरी वल ग	
२२.२			संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७७।७८ मा प्राप्त अनुदान मध्ये खर्च नभई बाँकी भएको निम्नानुसारको रकम २०७८।४।२१ मा मात्र सम्बन्धित निकायमा फिर्ता पठाएकोमा २०७८।३।३१ गते फिर्ता खर्च देखाई श्रेस्ता तयार गरेको छ । पछिल्लो वर्ष फिर्ता पठाएको रकमलाई आषाढ महिनाको खर्चमा समावेश गरेकोमा बैंक भिडान हिसाव तयार नगरेकोले खर्च यथार्थ देखिएन ।	

अनुदानको प्रकार	संघ	प्रदेश	फिर्ता गरेको निकाय
शशर्त अनुदान	६५१४६२३४.८०	२८७०००	संघ तर्फको रकम कोष तथा लेखानियन्त्रक कार्यालय भद्रपुर र प्रदेश तर्फको रकम प्रदेश लेखा इकाइ कार्यालय भद्रपुर
समपुरक	४९४५५००	३९९०१९१.७१	
विशेष	३९९४९९५	०	
	७४०७६७२९.८०	४२७७१९१.७१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**सेवा प्रवाह** स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहले उपलब्ध गराउने सेवा सम्बन्धमा व्यवस्था गरी आफुले प्रदान गरेको सेवाको बारेमा कार्यालय स्वयमले समेत मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुपर्ने, तालुक निकाय र अन्य अनुगमन गर्ने निकायहरुबाट भएको अनुगमनको अवस्था समेत खुल्ने गरी सो सम्बन्धीका अभिलेखहरुलाई समेत अद्यावधिक गरी आफुले संचालन गरेका कार्यक्रम तथा सेवाहरु सम्बन्धमा सेवाग्राही सन्तुष्टि मापनको कार्य गरी सेवा प्रवाह सम्बन्धमा भएको उपलब्धी समेतको प्रतिवेदन पेश नभएकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन ।	
२४			**कोभिड-१९ तर्फ**	
२४.१			भारतिय सीमा नजिक रहेको यस नगरपालिकामा कोभिड-19 बाट प्रभावित हुने जनसंख्या तथा सोको सम्भावित आकलन गरी संक्रमणबाट बच्ने र संक्रमण भई विरामी परेका नागरिकहरुलाई के कस्ता सेवा वा सुविधा पुर्‍याउने, उपचारको उचित प्रबन्ध, क्वारेन्टिन, होल्डिङ सेन्टर लगायतका पूर्धावारहरुको पहिचान एवं संचालनको विधि र आधार सहितको कार्य योजना स्वीकृत गरेको पाइएन ।	
२४.२			कोभिडबाट संक्रमण भएका व्यक्तिहरुको पहिचान तथा मुक्त हुने परीक्षण मध्ये पीसीआर विधिबाट चेक जाँच गरिने व्यवस्था भएतापनि पालिका आफैले यस सम्बन्धी जाँचको व्यवस्था नगरी अन्य ल्याव तथा सरकारी अस्पतालमा संचालित ल्यावहरुमा स्वाब पठाई परीक्षण गर्ने भएतापनि क्वारेन्टिन तथा आइसोलेशनमा रहेका एवं होम क्वारेन्टिनमा रहेका नागरिकहरुको स्वाब संकलन गरी जाँच गर्ने व्यवस्था गरेकोमा सबै विवरण एकीकृत गरी प्रतिवेदन तयार नगरेको भएतापनि दैनिक रुपमा पालिकाको वेबसाइटमा उल्लेख गर्ने गरेको पाइयो ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४.३</td><td></td><td></td><td>कोरोना संक्रमणको अवधिमा पालिका अन्तर्गत रहेका निजी अस्पताल तथा सेवा केन्द्रहरुले उपलब्ध गराएको यस सम्बन्धी सेवाको विश्लेषण र समन्वयको आधार खुलेको अभिलेख विवरण पेश नभएकोले कोभिड नियन्त्रण र व्यवस्थापनमा अन्तर सरकारी तथा निजि क्षेत्ररुको सहयोगात्मक अवस्था, सुचना आदानप्रदान र समन्वयको बारेमा उल्लेख गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२४.४</td><td></td><td></td><td>कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कोभिड-१९ सँग सम्बन्धित कृयाकलाप संचालन गर्न निम्नानुसार रु. ७८४२७३८/- आन्दानी गरी रु. .... खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु प्रतिवेदनको कोभिड खर्च परीक्षण बुँदामा समावेश गरिएको छ ।
<table>
<tr><th></th><th>आम्दानी</th><th>खर्च</th></tr>
<tr><td>चालु खर्च खाताबाट -</td><td>६००००००</td><td></td></tr>
<tr><td>हाम्रो स्वाबलम्बी महिला -</td><td>८०००००</td><td></td></tr>
<tr><td>सहकारी संस्था अभियान नेपाल -</td><td>८०००००</td><td></td></tr>
<tr><td>दक्षिण कोरियामा रहने अर्जुनधारा निवासी</td><td>६७७३८</td><td></td></tr>
<tr><td>संघीय सरकार</td><td>१०००००</td><td></td></tr>
<tr><td>जिल्ला प्रशासन कार्यालय झापा</td><td>७५०००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>७८४२७३८</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा पालिकाले लक्ष प्रगनि विवरण तयार गरेको छैन। कानुन को पालना गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था भएतापनि कर्मचारीको तलव बाट कट्टि गरी सोहि बमोजिम थप गरी अवकाश कोष मा पठाउने गरेको पाईएन। ऐन मा भएको व्यवस्था पालना गर्नु पर्दछ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५.३			**जिम्मेवारी फरकः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ मा प्रत्येक स्थानीय तहमा स्थानीय संचितकोष रहने व्यवस्था छ । सो कोषमा पालिकालाई प्राप्त सबै प्रकारको राजस्व, अनुदान र अन्य रकम समेत जम्मा हुने व्यवस्था छ । उक्त कोषबाट सम्बन्धित खातामा रकम ट्रान्सफर गरी खर्च गर्नुपर्ने र बाँकी रकम बर्षान्तमा सोही खातामा फिर्ता गर्नुपर्ने समेत व्यवस्था छ । पालिकाहरुमा शुत्रबाट कारोवार संचालन भईरहेको र म.ले.प.फा.नं. २७२ अनुसारका हिसाब भिडान गरी पेश गर्नुपर्नेमा पालिकाको गत वर्ष अन्तिम मौज्दात बापत रु.७१६२८१७६.५३ (कोष तथा धरौटी समेत) रहेकोमा सोही रकमलाई यस वर्ष जिम्मेवारी सार्दा रु.६४९९०७९२.८२ मात्र जिम्मेवारी देखिएकोले फरक परेको रु.६६३७३८३.७१ सम्बन्धमा हिसाब भिडान गरी जिम्मेवारी यकिन प्रमाण पेश गर्नुपर्ने रु.	६,६३७,३८३.७१
२५.४			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा पालिकाले ऐनको व्यवस्था बमोजिम २०७८ आषाढ अन्तमा सबै रकम स्थानीय संचित कोषमा स्थान्तरण गर्ने गरेको पाइएन ।	
२६			**निर्माण कामको भुक्तानी अवस्था**	
२६.१			**कामको भुक्तानी अवस्थाः** सार्वजनिक खरिद नियमावली २०६४ को निमय १२३ बमोजिम रनिङ विलको भुक्तानी गर्दा स्वीकृत वर्क सेडुयलको आधारमा सम्पन्न भएको कामको नापजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गतको सुखानी खोलामा पुल निर्माण गर्न २०७७।३।१ मा रु.32841322/- को सम्झौता गरी २०७९।३।१ सम्मको कार्य अवधि रहेको छ । पुल निर्माण कार्यको भुक्तानी गर्दा वर्क सेडुयलमा रहेका पुलको फाउण्डेसन तर्फका आइटमको कार्य गराई क्रमश अन्य निर्माण (एप्रोच रोड र प्रोटेक्सन) को कार्य गराउनु पर्नेमा गतवर्ष प्रथम रनिङ विलबाट एप्रोच रोड र प्रोटेक्सन कार्यको विल तयार गरी रु.4335609/- भुक्तानी गरेको देखियो । यो वर्षसम्म पुल निर्माणको कार्य ५०.85 प्रतिशत मात्र पुरा भएको र यो वर्ष Superstructure तर्फको कामको विल तयार गरी भुक्तानी शुरु गरिसकेकोमा फाउण्डेसन तर्फको काममा रहेको कंक्रिट र डण्डीको खपत घटी मात्र भएको छ । BOQ मा फाउण्डेशनमा ३१.52 मे.टन डण्डी रहेकोमा 26.98 मे.टन मात्र खपत भएकोमा बाँकी परिमाण सम्बन्धित प्राविधिक पुष्टाई वेगर नै Superstructure को कार्य गराउदै विल भुक्तानी गरेकोले डिजायन अनुसारको कार्य भए नभएको यकिन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६.२			**गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा कामको रनिङ विल भुक्तानी गर्दा स्वीकृत स्टाणडर्ड स्पेसिफिकेशन बमोजिम पुरा भएको काममा खपत गरिएमा निर्माण सामग्रीको ल्याव परिमाण गराएर मात्र भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयले प्रदेश समपुरक अनुदानबाट ठे.नं. 23/2077/78 मा वडा नं. 4 र ७ मा मदन आश्रित सडक कालोपत्रे गर्ने कार्य निर्माण व्यवसायी सिंह निर्माण सेवा गर्न रु.10069567/- मा सम्झौता गरी २०७८।२।३० सम्मको अवधि रहेकोमा सो कामको म्याद थप गरेको प्रमण पेश भएन । प्रथम रनिङ विलको रु.5065737.29 भुक्तानी गर्दा पुरै रकम प्रदेश सरकार तर्फको मात्र खर्च गरेको पाइयो । समपुरक अनुदानबाट संचालित योजनामा तोकिएको दरबाट भुक्तानी नगरेको र सो विलमा कालोपत्रे कामको समेत रु.1322343/- भुक्तानी गरेकोमा निर्माण व्यवसायीले विटुमिनको गुणस्तर परीक्षण गराएको प्रमाण समेत समावेश नभएकोले स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन अनुसारको कार्य भएको सुनिश्चित गर्न नसकिएको रु.1322343/- **योजना स्वीकृत र भुक्तानी स्थितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ योजना तर्जुमा र कार्यान्वियन सम्बन्धी व्यवस्था छ । भौ.नं. २४२/2078/3/24 बाट २०७६।७७ मा स्वीकृत २०७७।१।३० सम्म कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता भएको शान्तिचोक पश्चिम हनुमान सडक योजनामा यो वर्ष २ वटा सडकको कार्य परिमाण समावेश गरी रु.1400000/- भुक्तानी बाँकी रहेको आधारमा उक्त योजनामा व्याकहो लोडर प्रयोग गरेको .192600/- तथा मिक्स गिटी २३२५१० क्यू फिट खरिदको रु.1109172/- विल समावेश गरेको आधारबाट रु.1400000/- भुक्तानी गरेको पाइयो । सडकमा ग्राभेल विच्छाउने कामको योजनामा रकम भुक्तानी गर्दा खरिद देखाइएको सामाग्री स्वीङ्कृत स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम विच्छाएको, रोलीङ गरिएको (Compaction)तथा कामको नापजाँच गरी कामको परिमाण समेत खुल्ने प्राविधिकबाट विल तयार गरी मात्र भुक्तानी गर्नुपर्नेमा गत वर्षको योजना उल्लेख गरी सामाग्री खरिदको आधारमा प्राविधिक विल वेगर भुक्तानी गरेकोले वास्तविक कार्य परिमाण मात्रको भुक्तानी भए नभएको सम्बन्धमा पालिकाबाट पुन यकिन गरी प्रमाण पेश हुनुपर्ने रु.1400000/- **पाइप खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विल वा अन्य विल विजकको भुक्तानी गर्दा वास्तविक सम्पन्न कामको नापी कितावमा प्रमाणित रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. 219/2078/3/22 बाट वडा नं.8 को योजनामा ३० थान ह्युम पाइपको खरिद विल समावेश गरी रु.700000/- पाइप सप्लायर्सलाई भुक्तानी गरेकोमा खरिद गरिएका ह्युम पाइपहरु खपत र जडान गरिएको स्थान, परिमाण समेत खुलेको कामको नापजाँच गरी कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदन समावेश नभएकोले खरिद गरिएको पाइप खपत र जडानको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.700000	३,४२२,३४३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६.३			**भेरिएसनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा सम्झौता बमोजिमको कार्य गराउदा पूर्वानुमान नगरिएको परिस्थिति सृजना भएमा ऐनको दफा ५४ मा तोकिएका अधिकारीले भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । कार्यालयले वडा नं.8 मा व्यापारिक भवन बनाउने कार्य गर्न २०७५।११।२७ मा निर्माण व्यवसायीसँग रु.19563618/- (मू.अ.कर बाहेक) मा सम्झौता गरी यो वर्ष उक्त कामको फाइनल विल सम्म रु.17755952/- को भुक्तानी गरेको छ । फाइनल विल सम्म डण्डीको कामको परिमाण वि.ओ.क्यू.मा 72529 केजी रहेकोमा ७९८३० खपत देखाएकोमा कंक्रितको कामको परिमाण (M20)४५९.23 घ.मी. रहेकोमा फाइनल सम्म ४५८.89 घ.मी. मात्र गराएको पाइयो । फलामे डण्डीको काम भवनको सुपर स्ट्रक्चर तर्फ र बेसमेन्ट तर्फको वि.ओ.क्यू. र खपत कार्य निम्नानुसार छ । <table><tr><td></td><td>वि.ओ.क्यू. (के.जी.)</td><td>फाइनल विल सम्म (के.जी.)</td><td>बढी परिमाण (के.जी.)</td><td>दर</td><td>रकम</td></tr><tr><td>सुपरस्ट्रक्चर</td><td>18455</td><td>19979</td><td>1524</td><td>110</td><td>167640</td></tr><tr><td>वेसमेन्ट तथा भुई</td><td>54074</td><td>59851</td><td>5777</td><td>82</td><td>473714</td></tr><tr><td colspan="5"></td><td>641354</td></tr><tr><td colspan="5">मू.अ.कर</td><td>83376</td></tr><tr><td colspan="5">जम्मा</td><td>724730</td></tr></table>उपरोक्तानुसार डण्डी बढी खपत गरी कामको भुक्तानी गरकोमा नियम अनुसार भवनको ड्रइङ डिजायन परिवर्तन वा भेरिएसन स्वीकृती गरेको पाइएन । साथै निर्माण व्यवसायीले सम्झौता अनुसार एज विल्ट ड्रइङ पेश नगरेकोले थप परिमाणमा डण्डी खपत गरी भुक्तानी गरेको कार्य नियमित नदेखिएको रु.724730/-	७२४,७३०
२६.४			**प्रोभिजनल समको भुक्तानीमा थप मू.अ.करः** खरिद सम्झौता बमोजिमको भुक्तानी गर्दा प्रोभिजनल सममा रहेको रकमको भुक्तानीमा मू.अ.कर बाहेकको रकम भुक्तानी गर्नुपर्नेमा कार्यालयले ठेक्का नं.6/2077/78 को निर्माण व्यवसायीलाई प्रोभिजनल सममा रहेको वीमाको रकम भुक्तानी गर्दा रु.4601/- मू.अ.कर समेत समावेश भएकोमा सोमा रनिङ विलबाट पुनः मू.अ.कर थप गरी भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ रु.	४,६०१
२६.५			• 6/2078/3/30, सिंह निर्माण सेवालाई प्रथम रनिङ विल भुक्तानी गर्दा प्रोभिजनल सम वीमा आइटमको मू.अ.कर समेत थप गरी भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.3900/- असुल हुनुपर्दछ रु.	३,९००
२७			**खरिद कार्यको संचालन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.१			**कामको प्याकेजिङः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३क(३) मा एकआपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजमा संचालन गर्नुपर्ने भएमा बाहेक प्रतिस्पर्धीलाई संकुचित र सिमित गर्ने गरी ठुला ठुला प्याकेज बनाई वोलपत्र आह्वान गर्नुहुदैन । भन्ने व्यवस्था छ । कार्यालयले वडा नं. ६र९ भित्रका सडकमा कालोपत्रे तथा मर्मत संभार कार्य गर्ने १० वटा सडकको एक प्याकेज तयार गरी रु.8449001/- को सम्झौता गरी कार्य गराएकोमा यो वर्ष खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम कामको भेरिएसन नगराई रु.7967222.14 को मात्र कार्य गराई ठेक्का फाइनल गरेको पाइयो ।	
२७.२			• भौ.नं.84/2078/3/30, सार्वजनिक खरिद निमायवली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा वास्तविक सम्पन्न कामको आधारमा गर्नुपर्ने व्यवस्था छ । आधारभुत स्वास्थ्य केन्द्र भवन (वडा नं. ८ र १०) को निर्माण कार्यको दोश्रो विलको नापी कितावमा स्ट्रक्चर C1 आइटममा डण्डीको परिमाण (8mm)175.79 के.जी. हुनुपर्नेमा २७४.40 के.जी.को नापी तयार गरी बढी परिमाणको भुक्तानी दिएकोले मू.अ.कर थप समेत बढी भुक्तानी दिएको रु.10048/- असुल हुनुपर्दछ रु. • भौ.नं.48/2078/3/17, सार्वजनिक खरिद निमायवली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा वास्तविक सम्पन्न कामको आधारमा गर्नुपर्ने व्यवस्था छ । सचिश्चरे अर्जुनधारा खानेपानी योजनाको अन्तिम विलको रकम भुक्तानी गर्दा आइटम नं.12 सिभिल वर्क्स तर्फ ४० मिटर पाइपको कामको लागि ट्रेन्ज खन्दा २ मिटर चौडाई र ३ मिटर हाइटको आधारबाट माटो खनेकोमा सो स्थानमा 0.40 ड्राइस्टोन तथा 0.10 पीसीसी गरि सकेपछि २.5 मिटरमात्र हाइट रहनेमा 2.70 का दरले M20 को नापजाँच गरी भुक्तानी गरेको छ । माटो खनिएको खाडलमा अन्य आइटमको काम गरिसकेपछि बाँकी रहेको हाइट सम्ममा मात्र पीसीसी गर्न सकिनेमा बढी हाइट देखाई गणना गरिएकोले बढी भुक्तानी गरिएको परिमाणको रु.64000/- र सोको मू.अ.कर थप दिएको समेत रु.72320/- असुल हुनुपर्दछ रु.72320/- • सोही विलबाट उक्त योजनामा निर्माण व्यवसायीले HDEP पाइप समेत आपूर्ती गरी रकम भुक्तानी गरेकोमा आपूर्ती गरी रकम भुक्तानी गरेकोमा LS तर्फ छुट्टै Transportation from factory to site of HDEP pipe आइटम राखी रु.४००००/- भुक्तानी गरेकोमा पाइप Transportation सम्बन्धी ढुवानीको विजक समावेश वेगर भुक्तानी दिएको र मालसामान समेत समावेश भएको ठेक्कामा छुट्टै ढुवानी रकम भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ रु. ४००००/- • **पाइप खन्ने पुर्ने कामको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३ बमोजिम रनिङविलको भुक्तानी गर्दा वास्तविक रुपमा सम्पन्न काम यकिन गरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सचिश्चरे अर्जुनधारा खानेपानी योजना ठेक्काको विल अफ क्वान्टिटीमा विभिन्न साइजको १८८५० मिटर पाइप मात्र खरिद सम्बन्धी कार्य भएकोमा उक्त पाइप विच्छाउने कामको लागि ट्रेन्च खन्दा २२५२० मिटरको लम्वाईको आधारमा माटो खन्ने कामको भुक्तानी गरी रु.636750/- भुक्तानी गरेको छ । निर्माण कामको लागि खरिद गरिएको पाइपको परिमाण भन्दा खन्ने कामको लम्बाई बढी देखाई बढी परिमाणको भुक्तानी गरिएको रु.91800/- असुल हुनुपर्दछ रु. 91800/-	२१४,१६८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.३			प्रोभिजनल सममा रहेको वीमा वापतको रकम भुक्तानी गर्दा मू.अ.कर समेत थप गरी भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.4601/- असुल हुनुपर्दछ रु. 4601/- **कामको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा प्राविधिक नापजाँचबाट सम्पन्न कामको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पि. एण्ड पि. निर्माण सेवासँग वडा नं. ८ र १० मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण गर्न सम्झौता भई कार्य चालु रहेको छ । स्वीकृत डिजायन इष्टिमेट बमोजिम डण्डीको परिमाण 9276.30 के.जी. रहेकोमा दोश्रो रनिङ विलसम्म ९८४४.64 केजीको भुक्तानी गरिसकेको पाइयो । नापी कितावमा Strips C18 mm डण्डी परिमाण 175.79 केजी हुनुपर्नेमा 274.60 केजीको परिमाणबाट विल तयार गरी भुक्तानी गरेकोले 98.81 केजी बढी डण्डीको रु.8892.90 तथा सोमा थप मू.अ.कर 1156/- समेत जम्मा रु.10048/- बढी भुक्तानी रकम असुल हुनुपर्दछ रु.10048/-	१४,६४९
२७.४			डिजायन स्पेसिफिकेशन भेरिएसनः वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत ड्रइङ डिजायन स्पेसिफिकेशनको आधारमा कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन समेतको व्यवस्था छ। कार्यालयलाई जनता आवास कार्यक्रम प्राप्त रकमबाट २१ वटा न्युन लागतका घर बनाउने गरी निर्माण व्यवसायीसँग सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम स्वीकृत ड्रइङ डिजायन र स्पेसिफिकेशनमा भेरिएसन नगरी डियाजन र सम्झौमाता नभएको ब्लक मेशिनरीबाट पार्टीसन गर्ने (नयाँ आइटम) थप गरी रु.981501.04 (19.34 प्रतिशत) भुक्तानी गरेको पाइयो । शुरु डिजायन र सम्झौतामा नभएको छुट्टै आइटम समवेश गरी कार्य गराउनु अघि कामको भेरिएसन सम्बन्धी नियममा भएको व्यवस्थाको आधारमा भेरिएसन स्वीकृत नगरी भुक्तानी गरेको छ । काममा फेरबदल गर्नुअघि भेरिएसन वेगर तोकिएको सीमा भन्दा बढीको कामको थप घट गरी भुक्तानी गरेको नियमित देखिएन रु. 981501/-	९८१,५०१
२८	विभिन्न		**सोझै खरिद** खरिदःसार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एक लाख रुपैंया भन्दा बढिको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने, दफा ६ मा खरिद योजना बनाउनु पर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाख भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था भएको तथा नियम ११ मा मालसामान खरिद गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशन समेतको आधारमा लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले डेक्सटप, ल्यापटप , प्रिन्टर, मोबाईल, टिभि, सिसि टीभि, विभिन्न साईजका फर्निचर सोझै र दरभाउपत्रको माध्यमबाट पटक पटक खरिद गर्दा मालसामानको स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत गरी खरिद नगरेकोले खरिद गरिएका मालसमानको गुणस्तर एवं वारेण्टी ग्यारेण्टी एकिन गर्न सकिएन । परिक्षणबाटउल्लेखित व्यवस्थाको पालना नगरी निम्न अनुसार रु.१८८८३८१/- खर्च गरेको देखियो । कानुनको पालना नगरी खर्च गरेको रकम नियमित नदेखिएको रु.	१,८८८,३८१

भौचर नं र मिति	बजेट शिर्षक	फर्मको नाम	सामान	रकम	कैफियत
८९/२०७७/१०/९	पूजिगत	पाथिभरा होम मार्केट,विर्तामोड	फर्निचर	७०५१२	टुक्रा खरिद
२९३/२०७८/३/३०	पूजिगत	पाथिभरा होम मार्केट,विर्तामोड	फर्निचर	६१०२०	

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय							बेरुजु रकम
				१११/२०७७/६/२७	चालु	पाथिभरा होम मार्केट,वितामोड	फर्निचर	२८३८५७			
				२९१/२०७८/३/३०	पूजिगत	खरेल काष्ठ फर्निचर उधोग बितामोड	फर्निचर	४२९४०			
				३००/२०७८/३/३०	पूजिगत	खरेल काष्ठ फर्निचर उधोग बितामोड	फर्निचर	३१३९९९			
				२९५/२०७८/३/३०	पूजिगत	डि के फर्निचर उधोग बितामोड	फर्निचर	६३८४५			
				२९९/२०७८/३/३०	पूजिगत	डि के फर्निचर उधोग बितामोड	फर्निचर	२९२६७०			
				२९६/२०७८/३/३०	पूजिगत	हलेसी फर्निसिङ बितामोड	फर्निचर कार्पेट लगायत	१५०२०५			
				२७६/२०७८/३/२९	पूजिगत	कम्प्युटर सोलुसन बितामोड	कम्प्युटर खरिद	२७१३४१	५ लाख भन्दा वढि सोझै खरिद एउटै फर्म बाट		
				२८८/२०७८/३/३०	पूजिगत	कम्प्युटर सोलुसन बितामोड	कम्प्युटर खरिद	९९३००			
				१८८/२०७७/८/१५	चालु	कम्प्युटर सोलुसन बितामोड	प्रिन्टर लगायत खरिद	५१५०४			
				२५०/२०७७/९/१३	चालु	कम्प्युटर सोलुसन बितामोड	मोवाईल खरिद	३५९९०			
				८३/२०७७/६/६	चालु	कम्प्युटर सोलुसन बितामोड	कार्यालय सामाग्री	५५५९३			
				७७१/२०७८/३/२९	चालु	कम्प्युटर सोलुसन	कार्यालय सामाग्री	१४६७४			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
					बिर्तामोड				
			४६/२०७७/६/३०		क्वालिटि कम्प्युटर बिर्तामोड	कम्प्युटर खरिद	८०९३१	भौ नं ३०० मा माग फारम र खरिद आदेश र यस गो भा नं मा खरिद आदेश,माग फारम र दाखिला रिपोर्ट प्रमाणित नभएको	
			जम्मा				१८८८३८१		
२९			**निर्माण सामग्री खरिद र सम्पन्न अवस्था** **नियमको व्यवस्था विपरितको खरिदः** 115/2077/11/18, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा सोझे खरिद सम्बन्धी व्यवस्था गरी सोझै खरिद कार्य गर्नुअघि उपनाउनुपर्ने प्रकृया समेत उल्लेख रहेको छ । कार्यालयले आ.ब. २०७६।७७ मा २०७७।३।१८ को कार्यपालिका निर्णयबाट रु.10 लाख बराबरको तारजाली खरिद गर्ने निर्णय भएको आधारमा २०७७।२।२२ मा विभिन्न साइजका २२० वटा नाली जीविका इन्डस्ट्रिज विर्तामोडबाटै खरिद गर्ने कार्यालय प्रमुखले कार्यदेश दिई उक्त तारजालीको २०७७।३।३० मा भुक्तानीको लागि पेश भएकोमा बजेट नपुग भएको देखाई २०७७।७८ को बजेटबाट भुक्तानी गरेको छ । सप्लायर्स जिविका इड्रस्ट्रिजबाट २०७७।३।३० मा जारी कर विजकबाट २०७७।११।१८ मा भुक्तानी गरेकोले आर्थिक वर्ष फरक गरी रु.87018.75 मू.अ.कर समेत थप भुक्तानी दिएको पाइयो । दररेट नलिई सप्लायर्सको नाम तोकि कार्यदेश दिएको, गत वर्षको कर विजकबाट चालु वर्षमा भुक्तानी गरेको तथा खरिद गरिएका जालीहरु प्रयोग गरेको स्थान र कार्यसम्पन्न प्रतिवेदन वेगर ढुंगा भरिसकेको मात्र उल्लेख गरेको आधारमा भुक्तानी बाँकीको कर्मचारीमा चढाई प्रमाणित नगरेको प्रतिस्पर्धा वेगर खरिद गरी भुक्तानी गरेकोले यस्तो कार्यमा संलग्नलाई जिम्मेवारी बनाई मू.अ.कर समायोजन तथा कामको स्थान र खपत अवस्था खुलेको प्रमाण समेत पेश हुनुपर्ने रु.756393/-						७५६,३९३
३०			**मर्मत** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. २९४१४०१/-र मेशिन औजार मर्मतमा ४४९१२५/-र निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चमा रु १२२८१९८ गरी जम्मा रु.४६१८७२४ /- खर्च गरेकोमा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राखेको पाईएन।सवारी साधन, मेशिनऔजार तथा सार्वजनिक सम्पतीको मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, तोकिएको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा अभिलेख खाता नराखेकोले उपरोक्त अनुसारको सवारी साधन,मेशिन औजार तथा सार्वजनिक सम्पतीको मर्मतमा यसवर्ष भएको खर्च मितव्ययि र प्रभावकारी रुपवाट भएको मान्नसक्ने आधार देखिएन। नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**भ्रमण/अनुगमन मुल्याङ्कन खर्च** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं., भ्रमणमा खटिनेको नाम, दर्जा ,भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष अनुगमन मूल्याङ्कन खर्चमा रु. ९०००००/- र भम्रण खर्चमा रु. ७८७८५/- गरी जम्मा रु. ९७८७८५/- खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित गरेको पाइएन । अनुगमन कार्यको लागि अनुगमन मुल्यांकन खर्च शिर्षक(२२७११) खर्च लेख्नु पर्नेमा अनुगमन वाहेक को अन्य विभन्न भ्रमण को समेत खर्च लेखेको पाइयो। भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी निययमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२	विभिन्न		**विधुत महशुल** प्रदेश न १ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका, २०७५ को बुँदा नं २१ मा बिजुलि, पानी, टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरि छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष निम्नानुसार बिधुत महशुल भुक्तानी गर्दा जरिवाना रु४५०४५/५१ भुक्तानी गरेको छ।निर्देशिका को व्यवस्था विपरितको भुक्तानी अनियमित देखिएको रु	४५,०४५.५१

भौचर नं	महिना	बिल रकम	जरिवाना
१४५/२०७७/७/१७	असोज	५२३४१	१३०८५.८२
	असोज	१३८०६.८६	३४५१.७२
	असोज	१४८५३.७५	३७१३.४४
	कार्तिक	३५१६.१९	१७५.८१
	भाद्र	१४१८४	३५४६
	असोज	२२१०.७३	२२१.०७
	असोज	४२४७५.२	१०६१८.८
	कार्तिक	५८०५.७१	२९०.२९
३१०/२०७७/१०/१५	मंशिर	४०४६.६४	१०११.५६
	पौष	१८४४९	१७२६
६२०/२०७८/३/११	चैत	२८८२३	७२०५
जम्मा			४५०४५.५१

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>

नगरसभा संचालन खर्च

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ।नगर सभामा भएका खर्चहरुको लागि खर्च शिर्षक नगरसभा सञ्चालन खर्च(२२७२१) वाट खर्च गर्नुपर्नेमा पालिकाले नगरसभा सञ्चालन खर्च(२२७२१) मा वजेट विनियोजन नगरी कार्यक्रम खर्च (२२५२२) बाट परिषद संचालन विविध कार्यक्रम तथा समारोह खर्च उल्लेख गरि रु १४६१२४७/ खर्च लेखेको पाईयो। खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्दछ।

- भौ न४५८/२०७७/१२/४ ,नगरसभा संचालन खर्च बाट संगठन तथा व्यवस्थापन सर्वेक्षण कायशाला र भुमिहीन दलित,भुमिहीन सुकुमवासी, तथा अव्यवस्थित बसोबासको लगत संकलन अभिमुखिकरण कार्यक्रमको खर्च रु१२५११५ भुक्तानी भएकोले फरक खर्च शिर्षकको रकम भुक्तानी नियमित नदेखिएको रु

</td><td>१२५,११५</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>

ईन्धन खर्च

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धन (कार्यालय प्रयोजन) वाट रु. ३८१५०९९/ इन्धन मा खर्च गरेको छ । पदाधिकारी तथा कार्यालय इन्धन एउटै खर्च शिर्षक इन्धन (कार्यालय प्रयोजन) वाट खर्च लेखेको पाइयो। पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च रउपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, ईन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर) बिष्लेशण सहित लग बुक अध्यावधिक गरि इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>३५</td><td>विभिन्न</td><td></td><td>

बैठक भत्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७ १ मा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।निम्न पदाधिकारी तथा कर्मचारी हरुलाई नगरसभा को बैठक भत्ता भुक्तानी गर्दा उपस्थित नभएको तथा कर्मचारी बैठकको भरपाइ बेगर बैठक भत्ता भुक्तानी भएको ले सम्वन्धित बाट असुल गर्नुपर्ने रु

<table>
<tr><th>भौचर नं</th><th>नाम थर</th><th>अनुपश्थित बैठक संख्या</th><th>भत्ता दर</th><th>कर कट्टि पछि वढि भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>२८३/२०७७/१०/६</td><td>सुदर्शन बुढाथोकी</td><td>३</td><td>१०००</td><td>२५५०</td><td>आठौ नगर सभामा उपस्थिति नभएको</td></tr>
<tr><td>७९३/२०७८/३/३०</td><td>मोहन कुमार योगी</td><td>१</td><td>१०००</td><td>८५०</td><td>नवौ नगरसभामा उपस्थिति नभएको</td></tr>
<tr><td rowspan="2">३७३/२०७७/११/७</td><td>पंकज भुर्तेल</td><td></td><td></td><td>७२२५</td><td>भत्ता वुझेको भरपाइ नभएको</td></tr>
<tr><td>गणेश प्रसाद दाहाल</td><td></td><td></td><td>५१००</td><td>भत्ता वुझेको भरपाइ नभएको</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१५७२५</td><td></td></tr>
</table>

</td><td>१५,७२५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६	७९३	२०७८-३-३०	**मु अ कर दर्ता नभएको** भौ नं ७९३/२०७८/३/३०,सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले नवौ नगरसभाको लागी साउन्ड सिस्टम भाडा बापत रु५५००० खर्च लेखेकोमा मु.अ.करमा दर्ता नभएको मिति २०७८/३/२५ को स्टार साउण्ड को बिल वाट रु१९००० रु सुमन साउण्ड को बिलबाट रु१९००० गरी रु ३८००० खर्च लखेको र रु ५५००० खर्च मध्ये रु३८००० को मात्र विल भरपाई संलग्न पाईयो। मु.अ.करमा दर्ता नभएको संग खरिद भएको रु ३८००० नियमित गरि बिलभरपई वेगरको खर्च रु१७००० असुल गर्नुपर्ने रु	१७,०००
३७			**फिल्ड भत्ता** नेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्बन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई थप फिल्ड भत्ताको व्यवस्था रहेको पाइएन । पालिकाले निम्नानुसारका कर्मचारीलाई रु.३३३००/- फिल्ड भत्ता भुक्तानी गरेको छ । उक्त रकम पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथ असुल हुनुपर्दछ रु.	३३,३००

भौचर नं र मिति	नाम	फिल्ड भत्ता रकम
७८/२०७७/६/६	मुना निरौला	९६००
२२१/२०७७/८/३०	त्रिविक्रम पोख्रेल	८१००
११३/२०७७/६/२८	चिरन्जिवी खवास	१५६००
जम्मा		33300

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>फरक खर्च शिर्षक
स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ।नगरपालिकोले निम्नानुसार खर्च भुक्तानी गर्दा फरक खर्च शिर्षक बाट भुक्तानी गरेको पाईयो।रकम भुक्तानी गर्नु अघि रकमान्तर समेत नगराइ देहायअनुसार फरक खर्च शिर्षक वाट भुक्तानी भएको अनियमित रु
<table>
<tr><th>भौचर नं र मिति</th><th>विवरण</th><th>खर्च लेख्नुपर्ने शिर्षक</th><th>खर्च लेखेको शिर्षक</th><th>रकम</th></tr>
<tr><td>५१७/२०७७/१२/२९</td><td>कर्मचारी पोसाक भत्ता भुक्तानी</td><td>पोसाक (२११२१)</td><td>कमचारी पारिश्रमिक(२११११)</td><td>७४००००</td></tr>
<tr><td>विभिन्न</td><td>ज्यालादारी कर्मचारी हरुको श्रावण देखि जेष्ठ महिना सम्मको पारिश्रमिक भुक्तानी</td><td>अन्य सेवा शुल्क(२२४१२)</td><td>कमचारी पारिश्रमिक(२११११)</td><td>१६६५७२७</td></tr>
<tr><td>विभिन्न</td><td>महङगी भत्ता भुक्तानी</td><td>महङगि भत्ता(२११३२)</td><td>कमचारी पारिश्रमिक(२११११)</td><td>१०७५१७६</td></tr>
<tr><td>विभिन्न</td><td>पदाधिकारीहरुको बैठक भत्ता भुक्तानी</td><td>पदाधिकारी बैठक भत्ता(२११४१)</td><td>पदाधिकारी पारिश्रमिक(२१११२)</td><td>१५०१८५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४९८२७५३</td></tr>
</table></td><td>४,९८२,७५३</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>ऐन विपरित खर्च
ऐन विपरित खर्चः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा कार्यपलिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाइने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा खर्च गर्ने कार्यविधि र मापदण्ड सम्बन्धी व्यवस्था छ । नगरकार्यपालिकाको २०७७।१०।२६ को निर्णय नं. 9 मा गत आर्थिक वर्ष २०७६।७७ तथा चालु आर्थिक वर्ष २०७७।७८ मा विभिन्न प्रयोजनका लागि नगर-प्रमुख, उप-प्रमुख तथा तत्कालिन कार्यालय प्रमुखले लिखित र मौखिम आदेश अनुसार भएका २०७६।७७ को रु.3797499/- र २०७७।७८ को रु.2583487/- गरी जम्मा रु.5386194/- तत्कालिन समयमा विजक प्राप्त नभई तथा सम्बन्धित खर्च शर्षकमा बजेट अभाव भई भुक्तानी हुन नसकेका खर्चको विल भरपाई प्राप्त भएपछि आठौँ नगरसभाबाट संसोधित चालु आ.व.को लागि व्यवस्था भएको कार्यालयको नियमित बजेटबाट समेत भुक्तानी प्रयोजनको लागि अनुसूचीमा संलग्न विवरणलाई प्रमणित गर्ने र सोही प्रमाणित विवरणलाई आधारमानी भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरी नगरप्रमुखले प्रमाणित गरेको आधारमा आ.ब. २०७6।७७ का अवधिका मौखिक आदेशबाट खरिद तथा अन्य कार्यमा खर्च भएका खर्चहरुलाई सभाको स्वीकृत वेगर पछिल्लो वर्षको बजेटबाट खर्च गरेको अनियमित भुक्तानी रु. 2797499/-</td><td>२,७९७,४९९</td></tr>
<tr><td>४०</td><td>विभिन्न</td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः
प्रधानमन्त्री रोजगार कार्यक्रमः स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडा नं. १, ६, ७, ९, १० र ११ मा नाला मर्मत तथा सरसफाई, पैनी मर्मत, वडा कार्यालय कम्पाउण्ड तथा नाला निर्माण, रोड सरसफाई लगायत निर्माण कार्य कार्यक्रम सञ्चालन गरी यस वर्ष २०१ जनालाई रोजगारी उपलव्ध गराई रु.४३७५०००/- खर्च गरेको छ । लक्षित वर्गलाई २ देखि ३१ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला रु.३५११९८१/-, प्रशासनिक र कार्यक्रम खर्च रु.८६३०१९/- समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
४.१	विविध		**प्रमाण बेगर खर्चः**	११,५३३,३०७

संघीय सरकारबाट प्राप्त बजेट तथा कार्यक्रम खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकए बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिलको विद्यालय खातामा निम्न रकम निकासा दिनुपर्ने आधार प्रमाण लेखापरीक्षणमा माग भएकोमा पेश नभएकोले खर्च रकम एकिन हुन नसकेकोले सोको प्रमाण पेश हुनुपर्ने रु...

खर्चको व्यहोरा	**गो.भौ.नं । मिति**	**विद्यालयको नाम**	**अनदान रकम**	**कैफियत**
प्रति विद्यार्थी लागतको आधारमा शिक्षण सिकाई सामग्री अनुदान	१३। २०७७। ६।२२	भानु मा.वि.	१०८००००	प्रति विद्यार्थी रु.१५०००/- को दरले ७२ विद्यार्थीको अनुदान रकम निकासा दिएकोमा पालिकाले विद्यार्थी संख्या एकिन गरेको प्रमाण ले.प.मा पेश नभएको
आ.वि. शिक्षक तलब	९४। २०७८। २।३१	भानु आ.वि.	३२४६४	थप तलब निकासा दिनुपर्ने माग फारम पेश नभएको
अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	९४। २०७८। २।३१	भानु आ.वि.	१९७४००	विद्यालयको मागफारम, शिक्षक नियुक्ति पत्र लगायत विवरण ले.प.मा पेश नभएको ।
प्रति विद्यार्थी लागतको आधारमा शिक्षण सिकाई सामग्री अनुदानएवं कक्षा ८ को परीक्षा व्य. अनुदान	११६। २०७८। ३।२०	आर.सि.प्रिन्टिङ प्रेस	२८७३०२	कक्षा ८ को मूल उत्तर पुस्तिका२०००० प्रति(रु.११०७४०/-), थप उत्तर पुस्तिका२५००० प्रति(रु.६३५६३/-), हाजिरी खाता३० थान(रु.३७२९०/-), बैठक रजिष्टर३० थान(रु.२८८१५/-), बिदा अभिलेख३० थान(रु.१८६४५/-) र परीक्षा नतिजा अभिलेख ५ थान (रु.२८२५०/-) बापत भुक्तानी दिएकोमा बन्दाबन्दीमा परीक्षा संचालन भई उत्तर पुस्तिका लगायत अन्य सामग्री खपतको प्रमाण पेश नभएको ।
विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग कार्यक्रम	१५०। २०७८। ३।२६	सुनिता भट्टराई	७५०००	अनुगमन/ प्रगति प्रतिवेदन संलग्न नरहेको
आ.वि. शिक्षक तलब	१५८। २०७८। ३।२८	कालिकास्थान मा.वि.	५२३३३	थप तलब निकासा दिनुपर्ने माग फारम पेश नभएको
शिक्षण सहयोग अनुदान	१५८। २०७८।	अर्जुनधारा मा.वि.	५९९८३३	विद्यालयको माग फारम ले.प.मा पेश नभएको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				३।२८				
			प्रति विद्यार्थी लागतको आधारमा शिक्षण सिकाई सामग्री अनुदानएवं कक्षा ८ को परीक्षा व्य. अनुदान	१५८। २०७८। ३।२८	भानु मा.वि.	२१००००	प्रति विद्यार्थी रु.१५०००/- को दरले १४ विद्यार्थीको अनुदान रकम निकासा दिएकोमा पालिकाले विद्यार्थी संख्या एकिन गरेको प्रमाण ले.प.मा पेश नभएको	
			कोभिड १९ को कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणको लागि शैक्षिक कार्यक्रम	१५८। २०७८। ३।२८	विभिन्न २८ विद्यालयको कक्षा ४-१२सम्मको विद्यार्थीलाई CUG सेवामा आबद्ध गर्नरु.१२५/- को दरले निकासा १९ विद्यालयमा रु.१२०००/-को दरले दिएको ईन्टरनेट शुल्क समेत	१६८३३७५	पालिकाले विद्यार्थी संख्या एकिन गरी रकम निकासा दिएको प्रमाण र सम्बन्धित विद्यालयले CUG सेवामा विद्यार्थीलाई आवद्ध गराई कक्षा संचालन गरे।नगरेको सम्बन्धमा पालिकाबाट भएको अनुगमन प्रतिवेदन श्रेस्तासाथ संलग्न नभएको । पालिकाले एकि नगरी खर्च नभएको भएमा फिर्ता लिई संघिय संचितकोष दाखिला हुनुपर्ने ।	
			कोभिड १९ को कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणको लागि शैक्षिक कार्यक्रम	१५८। २०७८। ३।२८	विभिन्न २८ विद्यालयको बाल विकास देखि १२ सम्मको विद्यार्थीलाई रु.२००/- को दरले	१३१५६००	पालिकाले विद्यार्थी संख्या एकिन गरी रकम निकासा दिएको प्रमाण र सम्बन्धित विद्यालयले निकासा रकमबाट स्वास्थ्य सामग्री खरिद गरी वितरण गरेको प्रमाण पेश नभएको । पालिकाले एकिन गरी खर्च नभएको भएमा फिर्ता लिई संघिय संचितकोष दाखिला हुनुपर्ने ।	
			जम्मा			**५५३३३०७**		
४२	विभिन्न		**नियम बिपरित खर्चः** **सशर्त स्वास्थ्यतर्फः** संघीय सरकार सरकारबाट अख्तियारी सहित प्राप्त कार्यक्रम सञ्चालन गर्दा सशर्त अनुदानतर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनमा तोकिएको शर्त बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमबाट तपसिलको २ बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीलाई नाईट ड्युटीमा खटिएबापतको नाईट भत्ता रकम भुक्तानी गरेको पाईयो । उल्लेखित मार्गदर्शनमा यस कार्यक्रमबाट नाईट भत्ताबापत रकम भुक्तानी हुने कुनै व्यवस्था रहेको नदेखिएकोले मार्गदर्शनमा भएको व्यवस्था विपरित भुक्तानी दिएको अनियमित रु...**२०७६२५**/-					१,८३५,१९८

भौ.नं. र मिति	व्यहोरा	रकम
१२०-२०७८।३।२०	खुदुनावारी स्वास्थ्य चौकीमा कार्यरत ३ अ.न.मी र १ का.स लाई नाईट भत्ता	१०७२५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२४-२०७८।३।२२</td><td>प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेमा कार्यरत ५ स्वास्थ्य कर्मचारी र १ का.स.लाई नाईट भत्ता</td><td>१००३७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०७६२५</td></tr>
</table>
शिक्षा सशर्तः
भौ.नं.९४-२०७८।२।३१ संघीय सरकारबाट शिक्षातर्फ प्राप्त बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित भौचरबाट बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको तलब भत्ता बापत रु.३३१५००/- कृयाकलाप नं.१.१.४.१ (प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान)बाट भुक्तानी खर्च लेख्नुपर्नेमा कृयाकलाप नं.१.१.३.३ (आधारभूत तहको शिक्षकको पारिश्रमिक)बाट खर्च लेखेको पाईयो । कार्यान्वयन पुस्तिकामा तोकिएको कृयाकलाप शिर्षक फरक गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु… ३३१५००/-
लघुउद्यम कार्यक्रमः
लघुउद्यम कार्यक्रम संचालन गर्दा मेडपा कार्यक्रम संचालन निर्देशिकामा तोकिएकअनुसार गर्नु पर्ने व्यवस्था छ ।तपसिलको भौचर नं र मितिबाट निम्न संस्थालाई लघुउद्यम तालिम संचालनबापत रकम भुक्तानी दिएकोमा पालिकाले संस्थालाई दिएको कार्यादेश भन्दा फरक गरी तालिम कार्यक्रम संचालन भएको पाईयो । कार्यादेश संशोधन बेगर तोकिएको तालिम कार्यक्रम बाहेकको कार्यको भुक्तानी दिएको खर्च रकम अनियमित देखिएको रु… १२९६०७३/-
<table>
<tr><th>भौ.नं रमिति</th><th>कार्यादेश भएकोसंस्था</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१०८। २०७८। ३।1६</td><td>रौता टेक्निकल कलेज</td><td>४९६०७३</td><td>५०जनालाई दुना टपरी तालिम, ढाका बुनाई तालिम, मखमलजुत्ता चप्पल बनाउने तालिम, ब्युटि पार्लर तलिम, झोला बनाउनेतालिम, च्याउको बिउ तालिम दिने गरी कार्यादेश भएकोमा कार्यादेश संशोधन बेगर जम्मा ४७ जनालाई ढाका बुनाई तालिम, कुखुरा पालन तालिम, च्याउबिउ तालिम, सुँगुर बुङ्गुर पालन तालिम, बाख्रापालन तालिम, झोला बनाउने तालिम र मखमलको जुत्ता चप्पलबनाउने तालिम संचालन गरेको प्रतिवेदन आधारमा रकम भुक्तानी दिएको</td></tr>
<tr><td>१२३। २०७८। ३।२२</td><td>झापा प्राविधिक विद्यालय</td><td>८०००००</td><td>वडानं १, ९,१० र ११ को ८० जनालाई दुग्ध प्रशोधन, साबुन सर्फ, चर्खा धागो, ड्राईभिङ, बाँसको हस्तकला, बेमौसमी तरकारी खेती र सिलाई कटाई सम्बन्धि तालिमदिनेगरी कार्यादेश भएकोमा कार्यादेश संशोधन बेगर वडा नं १ मा सम्पन्न गर्नुपर्नेचर्खा धागो सम्बन्धि तालिम नगराई बेकरी सम्बन्धि तालिम गराईएको र वडा नं ११ मासिलाई कटाई तालिममात्र गर्नु पर्नेमा ५ जनालाई थप ड्राईभिङ तालिम दिएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२९६०७३</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td>विभिन्न</td><td></td><td>बढी भुक्तानी
<u>शिक्षा सशर्तः</u>
बढी भुक्तानीः भौ.नं.१६५-२०७८।३।३० आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्नु अघि विल भर्पाई संलगन भए नभएको, रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने सम्बन्धि व्यवस्था छ ।”विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम” (संघ)बाट श्री आधारभूत विद्यालय कञ्चनवारीमा शौचालय निर्माण गर्नको</td><td>३५५,३०४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लागि रु.७००००००/- बजेट प्राप्त भएकोमा पालिका र विद्यालयबीच २०७८।१२।२३ मा निर्माण कार्य सम्बन्धि सम्झौता भएको पाईयो । भौ.नं ७५-२०७८।१।१६ बाट प्रथम किस्ता बापत ३०% रकम रु.२१०००००/- विद्यालयको खातामा निकासा दिएकोमा पुनः भौ.नं १६५ बाट रु.७००००००/- (प्रथम किस्ता रकम कट्टा नगरी) भुक्तानी दिएको देखियो । सम्झौता अनुसार पालिकाले व्यहोर्ने अंश रकमभन्दा बढी रकम भुक्तानी दिएकोले उक्त रकम असुल गरी संघिय संचितकोष फिर्ता दाखिला हुनुपर्ने **रु.२१०००००/-**	

<u>**स्वास्थ्य सशर्तः**</u>

(क)औषधि सेवन कार्यक्रमः भौ.नं.१४३ बाट सि.अ.हे.व मुकुन्द राज बस्नेतलाई२०७७।१२।२० देखि २८ सम्म हात्तीपाईले रोग विरुद्ध आम औषधि सेवन(MDA)कार्यक्रम संचालन गरेबापत रु.९५००५०/- भुक्तानी दिएकोमा यस सम्बन्धमा देखिएको व्यहोराः

- आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यक्रमको भुक्तानी दिंदा कट्टा गरिएको अग्रीम कर रु.५२८९/-,बहाल कर रु.१५००/-रपारिश्रमिक कर.१०८१५/-समेत रु.१७६०४/-दाखिलाको प्रमाण श्रेस्ता साथ संलग्न नदेखिएकोले असुल गरी कर दाखिला गरेको प्रमाण पेश हुनुपर्ने **रु.१७६०४**/-
- सि.अ.हे.व डम्बर बल्लभ मिश्रको खाना र यातायातबापत रु.१७००/- भुक्तानी खर्च लेखेकोमा खर्च बुझेको नदेखिएकोले असुल हुनुपर्ने रु**...१७००**/-

(ख)फिल्ड भत्ताः नेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्बन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई थप फिल्ड भत्ताको व्यवस्था रहेको पाइएन । पालिकाले स्वास्थ्य शाखातर्फ कार्यरत निम्नानुसारका कर्मचारीलाई मासिक स्थानीय भत्ताको अतिरिक्त फिल्ड भत्ता उल्लेख गरी यो वर्ष रु.126000/- भुक्तानी गरेको छ । स्थानीय तहमा समायोजन भै स्थानीय भत्ता पाइरहेका कर्मचारीलाई थप फिल्ड भत्ता भुक्तानी गरेकोले उक्त रकम पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा दोहोरो भत्ता रकम असुल हुनुपर्दछ **रु.१२६०००**/-

नाम/पद	**भुक्तानी रकम**
सि.अ.हे.व छैठौ श्री सुनिता आचार्य	१६५००
सि.अ.न.मी पाँचौं श्री सम्झना जोशी ज्ञवाली	१८०००
सि.अ.न.मी पाँचौं श्री कमला देवी सिटौला	१८०००
अ.न.मी चौथो श्री रिना चौधरी	१८०००
अ.न.मी पाँचौ श्री सुमित्रा राई	१८०००
अ.हे.व चौथो श्री ईन्दिरा देवी भट्टराई	१८०००
अ.न.मी पाँचौ श्री कमला कुँवर	१८०००
अ.हे.व चौथो श्री चन्दा चोङवाङ	१५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा १२६०००</td><td></td></tr>
<tr><td>४४</td><td>विभिन्न</td><td></td><td>प्रमाण बेगर खर्च
नेपाल सरकारले २०७७।७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयमा भवन निर्माण, खानेपानी सहित शौचालय निर्माणबापत अनुदान रकम निकासा दिएकोमा लेखापरीक्षणको अवधिसम्म प्राप्त विल भरपाई परीक्षण गर्दा यस कार्यक्रमबाट निकासा पठाइएका विद्यालय मध्ये निम्नानुसारका विद्यालयहरुले उक्त रकमबाट भए गरेको कामको नापी, कार्यसम्पन्न प्रतिवेदन पेश नगरेकोले तोकिएको कामका खर्च भएमा सोको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>वापत</th><th>निकासा रकम</th><th>कैफियत</th></tr>
<tr><td>सिंहदेवी मा वि</td><td>२ कोठे भवन निर्माण बापत</td><td>५४००००</td><td>कार्यसम्पन्न पेश नभएको</td></tr>
<tr><td>जनता मा वि</td><td>२ कोठे भवन निर्माण बापत</td><td>१८०००००</td><td>कार्यसम्पन्न पेश नभएको</td></tr>
<tr><td>सिंहेश्वरी प्रा वि</td><td>वाश सहितको शौचालय निर्माण</td><td>७०००००</td><td>नापी किताब नभएको</td></tr>
<tr><td>भिमले आ वि</td><td>वाश सहितको शौचालय निर्माण</td><td>७०००००</td><td>नापी किताब नभएको</td></tr>
<tr><td>भानु मा वि (विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम)</td><td>४ कोठे भवन निर्माण बापत</td><td>१०८००००</td><td>कार्यसम्पन्न पेश नभएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४८२००००</td><td></td></tr>
</table></td><td>४,८२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td>विभिन्न</td><td></td><td>कार्य सम्पन्न प्रतिवेदनः
संघिय सरकारबाट प्राप्त बजेट तथा कार्यक्रम संचालन गर्दा तोकिएको कार्यविधिको पालना गरी गर्नुपर्ने भन्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमबाट निम्न फर्मलाई देहायको अनुदान रकम रु.१९६२०००/- निकासा दिई खर्च गरेकोमा निर्माण सम्बन्धि कामको प्राविधिक प्रतिवेदन तयार गरी पेश नगरेको व्यहोराको मस्यौदा प्रतिवेदन उपलब्ध गराएकोमा छलफलमा सम्बन्धित कृषकहरुले तोकिएबमोजिमको गोठ निर्माण कार्य गरेको सम्बन्धि अनुगमन प्रतिवेदन पेश भएको छ । निर्माण सम्बन्धि कामको रकम निकासा दिएकोमा सो रकमबाट भए गरेको निर्माण कामको प्राविधिकबाट कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी स्वीकृत गराउनु पर्दछ ।
<table>
<tr><th>कार्यक्रम</th><th>फर्म</th><th>निकासा रकम</th><th>कैफियत</th></tr>
<tr><td>लागत साझेदारीमा बंगुर प्रवर्द्धन कार्यक्रम (भौ.नं.१२१।२०७८।३।२२)</td><td>अर्जुनधारा बंगुरपालन व्यवसायिक कृषक समूह (गोठ निर्माण र पशु ममखरिद गर्न)</td><td>७६२०००</td><td>डोर हाजिर, निर्माण सामग्री खरिदको विल भरपाई संलग्न रहेको, निर्माण भएको गोठको कार्यसम्पन्न प्रतिवेदन संलग्न नभएको साथै लागत साझेदारीको अंश समेत सम्झौतामा नखुलेकोले साझेदारी अंश व्यहोरेको सम्बन्धमा आश्वस्त हुन सकिएन ।</td></tr>
<tr><td>बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम (भौ.नं.१५५।२०७८।३।२८)</td><td>अर्जुनधारा बाख्रा पालन समूह</td><td>१२०००००</td><td>२३ वटा गोठ निर्माण, १ थान च्यापकटर मेशिन, ४ वटा बोका र १० वटा बाख्रा खरिद गर्न तयार गरिएको रु.३७२००००/-को लागत अनुमानमध्ये पालिकाले रु.१२०००००/- र बाँकी समूहले व्यहोर्ने गरी सम्झौता भएकोमा २३ वटा गोठ निर्माण भएको कार्य सम्पन्न प्रतिवेदन संलग्न नगरी पुरै अनुदान रकम निकासा दिएको खर्च एकिन हुन सकेन।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९६२०००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td>२९</td><td>२०७७-९-८</td><td>न्यानो झोला खरिदः
संघिय सरकारबाट अख्तियारी साथ प्राप्त कार्यक्रम तथा बजेट खर्च गर्दा तोकिएको शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उल्लेखित भौचरबाट २२२ सेट न्यानो झोला खरिद बापत प्रति सेट रु.९००।६१ (मू.अ. कर समेत)को दरले रु.१९९९३५/- जनकल्याण फार्मेशीलाई भुक्तानी दिएको पाईयो । पालिकाले वर्षान्तसम्म खरिद भएको न्यानो झोलामध्ये सनिश्चरे बर्थिङ सेन्टरलाई ६० सेट र खुदुनाबारी बर्थिङ सेन्टरलाई २० सेट सहित ८० सेट हस्तान्तरण गरी पठाएको अभिलेख लेखापरीक्षणमा पेश भएको र बाँकी १४२ सेट न्यानो झोला लेखापरीक्षण अवधिसम्म पालिकाकै भण्डार शाखामा मौज्दात रहेको पाईयो । आवश्यक्ता पूर्वानुमान बेगर खरिद गरी मौज्दात राख्ने कार्य उचित देखिएन । तसर्थ मौज्दात बाँकी रहेको न्यानो झोला वितरणको प्रमाण पेश हुनुपर्ने रु...</td><td>१२७,८८७</td></tr>
<tr><td>४७</td><td>१४०</td><td>२०७८-३-२५</td><td>पकेट विकास कार्यक्रमः
संघिय सरकारबाट अख्तियारी साथ प्राप्त कार्यक्रम तथा बजेट खर्च गर्दा तोकिएको शर्तको पालना हुनुपर्दछ । उल्लेखित भौचरबाट पालिकाले बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रमअन्तर्गत पशु विकाश शाखाको कर्मचारी श्री पदम राईलाई रु.१३४५००/- भुक्तानी दिएकोमा भौचर साथ रेनकोट, छाता, ब्याग, गमबुट लगायतको जिन्सी सामान खरिदको बिल समावेश गरेको पाईयो । सशर्त बजेटबाट कार्यक्रम संचालन नगरी जिन्सी सामग्री खरिदको बिल बिजक समावेश गरि भुक्तानी दिएको कार्य नियमसम्मत नदेखिएको रु…</td><td>१३४,५००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८	विभिन्न		**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमतर्फः** नेपाल सरकारले २०७७।७८ मा राष्ट्रपति शैक्षिक कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा कक्षाकोठा निर्माण, खानेपानी सहित शौचालय, कम्प्युटर ल्याव स्थापना, पुस्तकालय, विज्ञान प्रयोगशाला, शिक्षामा नविन प्रविधि लगायत कार्यक्रमहरुमा रकम निकासा दिई खर्च गर्ने गरेको छ । पालिकालाई यो वर्ष यस कार्यक्रमबाट प्राप्त रकम पालिकाले विद्यालयहरुलाई निकासा पठाएको मध्ये लेखापरीक्षणको अवधिसम्म प्राप्त विल भरपाईको परीक्षण गर्दा देखिएका व्यहोराः • कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८ मा विद्यालयहरुले प्राप्त यस कार्यक्रमको रकमबाट मालसामान खरिद, निर्माण लगायतका कार्यहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को आधारमा खरिद कार्य गर्नुपर्नेमा अधिकांश विद्यालयहरुले शिक्षामा नविन प्रविधि तर्फको रकमबाट ल्यापटप, डेक्सटप कम्प्युटर फर्निचर स्मार्ट टेलिभिजन सहितका विद्युतीय उपकरणहरुको स्पेसिफिकेशन स्वीकृत गरी लागत अनुमान स्वीकृत नगरेका ३ वटा दरभाउ मात्र लिई खरिद गरेको, मालसामानको वारेन्टि ग्यारेन्टि नलिएको समेत देखिएको छ, • कम्प्युटर ल्याव, स्थापनाको रकम प्राप्त गर्ने विद्यालयहरुले ल्यावको लागि कोठा तयारी र विद्युत सेवा समेत अवस्था नखुलाएको ।	
४९	विभिन्न		**संचालन अनुदानः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधिको व्यवस्था छ । कार्यालयले पालिका अन्तर्गतको स्वास्थ्य संस्थाहरुमा संचालन अनुदान उल्लेख गरी विभिन्न भौचर नं र मितिबाट रु.५२६६६६/- समेत निकासा दिई खर्च जनाएकोमा सोको खर्च प्रमाण पेश गर्न आ.ले.प.बाट औंल्याईएको पाईयो । संस्थाहरुलाई संचालन अनुदान पठाएपछि संचालन गरेको कोषमा रकम जम्मा भए नभएको समेतको कारोवार हिसाब एकिन गरी लेखापरीक्षणमा पेश भएन । संचालन अनुदान उल्लेख गरी निकासा भएको रकमबाट संस्थाले गरेको खर्च विवरण लिनुपर्ने र स्वास्थ्य संस्थामा रहेका सबै कोष समेतको एकिकृत हिसाब तयार गरी लेखापरीक्षणमा पेश हुनुपर्ने रु ...	५२६,६६६
५०			**हस्तान्तरित कार्यक्रम कार्यान्वयन अवस्था**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.१			• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा सम्झौता बमोजिमको कार्य सुरु गरिसकेपछि पूर्वानुमान नगरिएको परिस्थिति सृजना भएमा ऐनको दफा ५४ मा तोकिएका पदाधिकारीले तोकिएको प्रतिशत सम्म भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । कार्यालयले शशर्त तर्फको न्यूनतम लागत घर निर्माण योजना (जनता आवास) अन्तर्गत २१ वटा घर निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा घरको पार्टिसन कार्य बाँसको टाटीबाट गर्ने गरी डिजायन र सम्झौता भएकोमा उक्त कार्य गराउदा सोको सट्टा सिमेन्ट व्लकको कार्य गराउने नयाँ आइटम थप गरी रु.981501/- भुक्तानी गरेको पाइयो । उक्त कार्य गरी भुक्तानी गर्नु अगावै ऐनको व्यवस्था बमोजिम भेरिएसन स्वीकृत नगरेको अनियमित खर्च रु. 981501 **शर्त सहित योजनामा लगानीः** वित्तीय हस्तान्तरित कार्यक्रमको योजनामा खर्च गर्नु अघि योजना निर्माण स्थल सुनिश्चित गरी तोकिएको आधारमाबाट रकम खर्च गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः • स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट कर्मड हल निर्माण गर्ने योजनामा रु.15 लाख स्वीकृत गरेको आधारमा शनिश्चरे मा.वि. भित्र कर्मड हल निर्माण गर्ने कार्य को रु.1541677/- को लागन अनुमान स्वीकृत गरी उपभोक्ता समिति मार्फत कार्य गराई रु.1200000/- भुक्तानी गरेको छ । कर्मड हलको डिजायन र नक्सा नगरपालिकाबाट पास गरी कूल योजना लागत स्वीकृत गरेको पाइएन । विद्यालयले हल बनाउने स्थान उपलब्ध गराउदा विद्यालय संचालन हुने समयमा विद्यार्थीले मात्र प्रयोग गर्ने र अन्य समयमा मात्र बाहिरका खेलाडीले कर्मड हलमा गतिविधि गर्न पाउने शर्त राखेको अवस्थामा सोही स्थानमा डिजायन र डिपिआर स्वीकृत नगरी निर्माण कार्यमा रकम खर्च गरेको पाइयो । कर्मडहल निर्माणको स्रोत सुनिश्चित नभएको कार्यले योजनाको उद्देश्य लक्ष्य र प्रतिफल सुनिश्चित नदेखिएको अनियमिन खर्च रु. 1200000 • **प्रकृया विपरितको कार्यः** वित्तीय हस्तान्तरण भै प्राप्त संघीय सरकारको कार्यक्रम संचालन गर्दा स्वीकृत कार्यविधि तथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को प्रकृया पुरा गरी खर्च गर्नुपर्नेमा स्वच्छ वातावरण कार्यक्रमको लागि प्राप्त निकासा रकमबाट कार्यालयले जुकेखाडी वनस्पती स्रोत पर्यापर्यटन उद्यान विकासको कार्यक्रम संचालन गरी उपभोक्ता समिति मार्फत कार्य गराई रु.2497900/- खर्च गरेको छ । जुकेखाडीमा उक्त कार्य गर्न सामुदायिक वन उपभोक्ता समितिसँग सम्झौता गरेको र समितिसँगको सम्झौतामा चिल्ड्रेन पार्क निर्माण कार्यको लागि रकम खर्च गर्ने कार्यक्रम समावेश गरेको पाइयो । सामुदायिक वन क्षेत्रमा चिल्ड्रेन पार्क निर्माण कार्य गरी संचालन गर्ने गरी वन कार्य योजननामा स्वीकृत गरेको पाइएन । चिल्ड्रेन पार्कको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन लागत अनुमान तयार गर्दा मालसामानको स्पेसिफिकेशन स्वीकृत नगरेको, मालसामानको दररेट जिल्ला दररेटमा नरहेको अवस्था देखाई विभिन्न फर्मबाट दर लिई लागत अनुमान तयार गरेको र सो लागत अनुमान रु.285308.14 मू.अ.कर समेत रहेको छ । साथै पार्कमा सामान ढुवानी गर्न छुट्टै ढुवानि भाडाको आइटम समावेश गरी रु.32000/- थप गरेको देखियो । उक्त दुवै आइटम सहित रु.2936918/- को लागत अनुमान स्वीकृत गरी सो कार्य उपभोक्ता समितिबाट गराई खर्च गरेको छ । उपभोक्ता समितिले मालसामान खरिद कार्य गर्दा खरिद नियमावली 2064 बमोजिम प्रतिस्पर्धा वेगर लागत अनुमान तयार गर्दा दररेट उपलब्ध गराउने फर्मबाट साझै मालसामान खरिद र ढुवानी भाडा भुक्तानी गरेको खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई मू.अ.कर बाहेकको भुक्तानी गर्नुपर्नेमा सो बमोजिम नभएको रु.285308/- पार्कको मालसामान स्पेसिफिकेशन वेगर खरिद गरेको, वारेन्टि खुलाई सम्झौता नभएको समुदायिक वन उपभोक्ता समितिको कार्यक्षेत्र बाहिरको काम गराई योजनाको रकम खर्च गरेको कार्य अनियमित देखिएको रु.2112592/-	४,२९४,०९३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.२			शशर्त कार्यक्रम कार्यान्वयन स्थितिः संघीय सरकारबा हस्तान्तरित कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत कार्यक्रम कार्यान्वयन निर्देशिकाको आधारमा गरी तोकिए बमोजिमको अभिलेख समेत तयार गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत विद्यालयहरुको भौतिक निर्माणसुधार/कक्षाकोठा निर्माण समेतको लागि प्राप्त रकमबाट स्वीकृत कार्यहरु गराउन कार्यालयले विभिन्न विद्यालय भवन निर्माणको कार्य निर्माण व्यवसायीबाट गराउने गरी सम्झौता गरेकोमा निर्माण व्यवसायीहरुले निर्माण कार्य तोकिएको अवधि भित्र पुरा नगरेको र यसवर्षको लागि स्वीकृत विनियोजन रकम समेत फ्रिज गरेको छ । विद्यालय भवन निर्माण गर्न सम्झौता भएका मध्ये निम्नानुसारका विद्यालयहरुको निर्माण काम अधुरो अवस्थामा देखिएकोले सम्झौता बमोजिम कार्य सम्पन्न गराई कामको सम्पन्न प्रतिवेदन समेतको प्रमाण पेश हुनुपर्दछ । विद्यालयको नाम — यस वर्ष सम्मको काम शिव नारायण प्रा.वि. — 1869824.26 कालिका स्थान मा.वि. — 2066655 नवदुर्गा आ.वि. — 2469172 श्री प्रा.वि. — 3750820 अर्जुनधारा मा.वि. — 3434622 वालज्योती प्रा.वि. — 182487	
५०.३			संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम संचालन गरी रकम खर्च गर्दा स्वीकृत कार्यक्रमको निर्देशिका अनुसार गर्नुपर्ने व्यवस्था छ । पालिकालाई प्राप्त सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गर्दा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ बमोजिम छनौट भएका लाभग्राहीलाई पहिलो, दोश्रो र अन्तिम किस्ता रकम निकासा गर्नुपर्ने र कार्यसम्पन्न भएको अभिलेख राखी सो विवरण संघीय आयोजना कार्यान्वयन इकाइ वा सधन शहरी तथा भवन निर्माण आयोजनामा उपलब्ध गराउने व्यवस्था भएकोमा कार्यालयले छनौट गरेका १९३ जना लाभग्राहीलाई प्रति व्यक्ति रु.30000/- का दरले रु.5790000/- लाभग्राहीको खामा रकम निकासा गरेको मध्ये लेखापरीक्षण अवधि (२०७८।१०।६) सम्म वडा नं. 5 र ७ का ३५ लाभग्राहीको मात्र आवास निर्माण कार्य सम्मपन्न गरेको विवरण देखिएकोले पेश्की समेत नजनाई व्यक्तिगत खातामा निकासा गरेको उक्त रकमबाट कार्यविधि अनुरुप निर्माण सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. 4740000/-	४,७४०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**थप कार्यको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७मा उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धि व्यवस्था छ । उक्त नियममा जटिल प्रकृतिको कार्य बाहेक उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ। कार्यालयले गत वर्षबाट सहकोल-साठिमुरे खानेपानी योजनामा मुहान थप निर्माण कार्य गराउन रु.२८३०२३८/- को योजना स्वीकृत गरी रु.२३०००००/- नगरपालिकाबाट व्यहोर्ने गरी सम्झौता गरी गत वर्षबाट योजना प्रारम्भ गरेकोमा यो वर्षसम्म उक्त कार्यमा रु.३९१४९१३।९३ को कामको मूल्यांकन गरी नगरपालिकाबाट रु.३३८४०००/- भुक्तानी गरेको पाईयो । योजनाको सम्झौता लागत भन्दा रु.१०८४०००/- बढी भुक्तानी गरि सकेकोमा संशोधित लागत अनुमान र भेरिएशन स्वीकृत गरेको पाईएन । बढी रकम भुक्तानी भएको यो कार्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमको रकमबाट श्रमिक ज्याला खर्च देखाएकोमा ज्याला प्राप्त गर्ने सुचिकृत बेरोजगार खुल्ने रकम योजनामा हस्तान्तरण गरेको समेत देखिएन । सोही योजनामा प्राविधिक प्रतिवेदनको आधारमा रु.६४१७७४।२७ को लागत अनुमान तयार गरी थप रु.४५००००/- भुक्तानी गरेको पाईयो । कामको भेरिएशन बेगरनै पटक पटक रकम थप गरी खर्च गरेकोले थप कामको लगानी एकिन गर्न नसकिएको रु...	१,५३४,०००
५२	२७८	२०७८-३-२९	**अग्रीम करः** आयकर ऐन २०५८ को दफा ८९(३)(क) मा उपभोक्ता समितिसंगको रु.५० लाख भन्दा बढी रकमको सम्झौता अन्तर्गत भएको भुक्तानीमा १.५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित मिति र भौचरबाट वडा भवन निर्माण कार्यको रु.६१९९८४९/- मा सम्झौता गरी यो वर्ष रु.५१९९९६९/- भुक्तानी गरेकोमा अग्रीम कर बापत रु.३३४८०/- कट्टा गर्नुपर्नेमा रु.२४२८५/- मात्र कट्टा गरेकोले घटी कर रकम असुल हुनुपर्ने रु...	९,१९५
५३	विभिन्न		**एकै कार्यक्षेत्रमा व्यवसायी र उपभोक्ता समिति** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा निर्माण स्थल सम्बन्धमा व्यवस्था रहेको छ । कार्यालयले मदन आश्रित मार्ग कालोपत्रे र ड्रेन निर्माण कार्य गराउन ठेक्का बन्दोबस्त गरी निर्माण व्यवसायीबाट कार्य चालु भई रहेको अवस्थामा सोही कार्यक्षेत्र भित्रै उपभोक्ता समितिबाटै ड्रेन र अन्य संरचना निर्माण कार्य गराउन रु.२०९६४७७/-को सम्झौता गरी सम्झौताको कार्यमा Construction of embankment समेतको कार्यको लागि रु.९००६५०/-को सम्झौता भएको छ । कामको फाईनल बिल तयार गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई रु.२९९९००/- माटोबापतको रकम भुक्तानी गरेकोमा समितिले माटो खरिद गरेको वा माटो लिने सम्बन्धि सम्झौतामा समेत समावेश नगरी भुक्तानी दिएको पाईयो । एकै कार्य क्षेत्रमा निर्माण व्यवसायी र उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराई खर्च गरेकोले काममा दोहोरोपना भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन । माटो पुराई गरी embankment तयारी कार्य उपभोक्ता समितिबाट गराईएकोमा खरिदको बिजक वा माटो लिने सम्झौता बेगरको भुक्तानी रु...	२९९,९००
५४			**चेकड्याम निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ को बमोजिम निर्माण कार्य गराउँदा स्वीकृत स्ट्याण्डर्ड स्पेशिफिकेशन बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा नं २ राईटिङ नदी नियन्त्रण कार्यको लागि उपभोक्ता समितिसंग निर्माण कार्य गराउने सम्झौतामा कामर्शियल जाली खरिद गरी ढुंगा भर्ने कार्यको लागि रु.८८०३०१०/- को सम्झौता गरी रु.८६११२३५/- भुक्तानी गरेकोमा संलग्न खरिदको बिजक अनुसार रु.९३०३६४।१२(२०७७।३।१) गत वर्ष अवधिको बिजक संलग्न रहेको र चेक ड्याम बनाउने गरी सम्झौता गरेको, उपभोक्ता समितिबाट नदी च्यानलाईजेशन गर्ने कार्य र ७१८ मि चेकड्याम बनाउने कार्य गराउँदा मेशिन प्रयोग गरेको समेत विवरणबाट नदेखिएकोले नदीलाई च्यानलाईजेशन गरी चेकड्याम बनाउने जटिल प्राविधिक पक्ष समावेश भएको काम तथा मेशिन प्रयोग गर्नुपर्ने कार्य उपभोक्ता समितिलाई गराएकोमा मेशिन प्रयोग नगराएको, कमर्शियल जाली प्रयोग गर्न नेपाल सरकारको प्रतिबन्ध गरी नदी नियन्त्रण कार्यमा हेभी कोटेड जालीमात्र प्रयोग गर्नुपर्नेमा सो अनुसार नभएको कार्य समेत गराई रकम गरेको अवस्थाले कामको दिगोपना र गुणस्तर यकिन हुने अवस्था देखिएन ।	
५५			**आन्तरिक लेखापरीक्षणको व्यहोरा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५.१				३५,२००

- उपभोक्ता समिति मार्फत कार्य गराउदा कामको लागत अनुमान मध्ये समितिले व्यहोर्ने अंश समेतलाई कूल विल रकममा समावेश गरी लागत सहभागिता यकिन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विद्यालय मार्फत भौतिक सुधार कामको लागि निकासा दिएको रकम मध्ये भौ.नं. ३२/2078/3/29 बाट कार्य सम्पन्नको आधारमा रकम भुक्तानी गर्दा काठप्लाई खरिद विजकको पुरै रकम नगरपालिका तर्फको लागतमा समावेश गरी बढी भुक्तानी गरेको उल्लेख गरी आ.ले.प.बाट औल्याएकोमा उक्त रकम असुल भएको नपाइएको रु. 6155/-

- भौ.नं.129/2078/23, सौर्य उर्जा जडान कार्यको भुक्तानी गर्दा नापी किताव अनुसार सो कार्यमा रु.284796/- मात्र पुष्टि भएकोमा पाथीभारा दर्शन इलेक्ट्रिकलाई रु.290012/- भुक्तानी गरेकोले बढी भुक्तानी उल्लेख गरी आ.ले.प. प्रतिवेदनमा औल्याएको रकम असुल नआएको रु.5226/-

- आयकर ऐन २०५८ को दफा ८८, ८९ तथा ८९(क) बमोजिम करार तथा सेवा शुल्क भुक्तानी गर्दा भुक्तानी रकममा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न भौ.नं. र मितिबाट विज्ञापन छपाई तथा ढुवानी र तालिमको कार्य गराई भुक्तानी गर्दा पान विल मात्रको आधारमा भुक्तानी गरेकोमा तोकिएको दरबाट कर कट्टा नगरी भुक्तानी दिएको व्यहोरा औल्याई प्रतिवेदन गरेकोमा सो बमोजिम कर रकम असुल भै नआएको रु. 17219/-

पार्टीको नाम	छुट कर रकम
साझा श्रमिक आवाज	203
जनआन्दोलन साप्तहिक	180
मेरो रेडियो	300
वडा नं. २ को ढुवानी र वहाल खर्च गणेश श्रेष्ठ मनोज राना मगर	1100
फिल्ड भत्ता (मुना सुवार निरौला)	1296
मेची पोली टेक्नीक	14200
जम्मा	17279

- भौ.नं.183/2077/10/ बाट परिषद संचालनमा विविध कार्यक्रम समारोह खर्च र बैठक भत्ता, यातायातको कार्यक्रम र शिर्षक तोकी खर्च छुट्याइएकोमा यातायात खर्च वापतको रकम उल्लेख गरेको मध्ये यातायात तर्फको कागजात पेश नभएकोले रकम भुक्तानी लिने सौजन कटुवालबाट पुरै खर्चको प्रमाण पेश नभएकोमा असुल हुनुपर्ने रु. 6000/-

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम सरकारी रकम खर्च गर्नुअघि तोकिए बमोजिमको प्रकृया पुरा गरेर मात्र भुक्ती गर्नुपर्ने व्यवस्था छ। भौ.नं.398,406,411,458 कार्यालयले विभिन्न निकायबाट अनुगमनमा आउने पदाधिकारीहरुको लागि विविध खर्चबाट भुक्तानी गर्दा अनुगमनको अभिलेख तथा प्रमाण समावेश नगरेको, भत्ता अनुगमन प्रतिवेदन तयार नभएको, नगरसभा संचालन भएको अवधिमा होटललाई भुक्तानी गरेको विल समावेश नगरेकोले बैठक माइन्युटको प्रमाण पेश हुनुपर्ने व्यहोरा औल्याएकोमा सो सम्बन्धी प्रमाणहरु समावेश गरी श्रेस्ता अद्यावधिक नगरेको र खान्की भ्यु प्वाइन्टलाई कोठा भाडा भुक्तानीमा कर कट्टी नगरेको उल्लेख गरेको रु.600/- असुल गरी पेश हुनुपर्ने रु.600/-

https://nams.oag.gov.np

क्र.सं. १५.२	भौचर नम्बर	भौचर मिति	विवरण 216/2078/3/13, अग्रिमकरः आय कर ऐन २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानी गर्दा भुक्तानी रकममा १५ प्रतिशतको दरले अग्रिमकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सुकुम्बासीको लगत अद्यावधिक गर्ने कार्यमा विद्यालयमा शिक्षकहरुलाई कार्य गराई भुक्तानी गर्दा १५ प्रतिशतका दरले कट्टी नगरी घटी मात्र कट्टा नगरेकोले नपुग कर रकम असुल हुनुपर्ने रु. 61157/-	बेरुजु रकम ६१,१५७

सि.नं.	नाम, थर	रकम
1.	तेजकमार बस्नेत	1330
2.	चन्द्र खत्री	1310
3.	नेत्र मैनाली	1202
4.	प्रतिमा ढकाल	1748
5.	भेषराज खनाल	358
6.	झमलाल पौडेल	331
7.	यादव कोइराला	135
8.	इन्दिरा शर्मा	216
9.	संजिब गोले	324
10.	चित्राखर खतिवडा	1485
11.	प्रकाश दाहाल	317
12.	भोलानाथ वाग्ले	324
13.	भपाल थापा	128
14.	सरज बिक	189
15.	हेम कमारी तिम्सिना	216
16.	दुर्गा लाल पौडेल	419
17.	इन्दिरा गडतौला	149
18.		142

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
					रोशनि घिमिरे			
				19.	उपेन्द्र गौतम	135		
				20.	फाल्गुणी आचार्य	135		
				21.	रुद्र नेम्वाङ	155		
				22.	तुलसा चम्लागाई	223		
				23.	रिया राइ	290		
				24.	प्रनिता आचार्य	169		
				25.	भेषराज अधिकारी	2255		
				26.	यवराज पोखरेल	1607		
				27.	विष्णप्रसाद वढाक्षेत्री	2228		
				28.	तिलचन खनाल	2255		
				29.	नारायण प्रसाद निरौला	1769		
				30.	दिपक भण्डारी	2531		
				31.	नारायण कमार तुम्बाहाम्पे	2606		
				32.	रेवतिरमण खनाल	2248		
				33.	तुलसी प्रसाद पौडेल	1357		
				34.	मिलन कुमार श्रेष्ठ	1411		
				35.	चडाकर्ण घिमिरे	1796		
				36.	लक्ष्मी प्रसाद खतिवडा	1458		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				37.	सरस्वता भण्डारी	1438	
				38.	भोजराज फयाल	1330	
				39.	भरत बढाथोकी	1499	
				40.	मेघप्रसाद भट्टराइ	1175	
				41.	छोयराज घिमिरे	857	
				42.	कल्पना उड़ाना	1067	
				43.	धनमाया खनाल	925	
				44.	चित्रकला अधिकारी	938	
				45.	कल्पना पौडेल	1181	
				46.	इन्दश्री निरौला	1060	
				47.	पुष्पलाल गिरी	1546	
				48.	कौशिला रेग्मी	1168	
				49.	गिता अधिकारी	1458	
				50.	विष्णुमाया बस्नेत	891	
				51.	दिव्यकला गिरी	864	
				52.	मिना तामाङ	1006	
				53.	केदारनाथ पोखरेल	1046	
				54.	चन्द्र प्रकाश तिवारी	1323	
				55.		3476	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
					मणिलाल खड्का			
				56.	सरेखा योङहाङ्ग	1958		
					जम्मा	61157		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५.३			**कामको अनुगमन र भुक्तानी स्थितिः** भौ.नं. 287/2078/3/30, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६(ख५) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन पेश गर्ने कार्य उप-प्रमुखको हुने व्यवस्था छ । कार्यालय अन्तर्गतको वडा नं.3 को विपद व्यवस्थापन उपभोक्ता समितिले विभिन्न बाटोमा ग्राभेल गर्ने कार्य २०७८।२।१८ देखि २०७८।३।१५ सम्म गरेको आधारमा ग्राभेल विच्छाउने सम्बन्धी कार्यको रु.700000/- भुक्तानी गरेको छ । सो कामको भुक्तानी गर्दा अनुगमन प्रतिवेदन उप-प्रमुखबाट पेश नभएको र सो प्रतिवेदनमा मापदण्ड विपरित भएका कामको मूल्याङ्कन नगर्ने गरी सिफारिस गरिएकोमा उपभोक्ता समितिका अध्यक्षले पेश गरेको खरिद विजकमा Base mix प्रति घनमिटर रु.1000/- मा खरिद देखाएकोमा कार्यालयले उक्त कामको नापी गरी भुक्तानी गर्दा प्रति घनमिटर रु.629.53 का दरले गरी विल तयार गरेको पाइयो । उपभोक्ता समिति मार्फत गराएको काममा खरिद मूल्य भन्दा घटी दरबाट मूल्याङ्कन गरी विल भुक्तानी गरेको, अनुगमनबाट मापदण्ड विपरितको काम मूल्याङ्कन नगर्ने उल्लेख भएतापनि सो अनुसार गरेको नपाइएकोले सामाग्री खरिद मूल्य भन्दा घटीमा विल तयार गरी उपभोक्ता मार्फत भुक्तानी गरेको सम्बन्धमा पुन यकिन गरी वास्तविक कार्य सम्पन्न भए नभएको प्रमाण पेश हुनुपर्ने रु.700000/- • कार्यालयले २०७७।६।३० मा दोर्णचार्य स्मृती प्रतिष्ठानलाई सामाजिक सहायता वापत रु.300000/- निकासा दिई सो रकमबाट भएको खर्च विवरण र संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्न शर्त रहेकोमा सो सम्बन्धी विवरण प्राप्त नभएकोले खर्च सुनिश्चित गरी उक्त रकम खर्च नभएमा फिर्ता दाखिला गर्नुपर्दछ रु. 300000/- • कार्यालयले २०७७।७।२० बाट नर बहादुर कर्मचार्य प्राविधिक प्रतिष्ठानमा अध्ययनरत ६ जना विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउन र सो को विवरण आर्थिक वर्षको अन्तमा पालिकालाई बुझाउने शर्तमा रु.700000/- निकासा गरेको पाइयो । पालिकाले उक्त प्रतिष्ठानमा अध्ययन गर्न पठाएको विद्यार्थीको नाम नामेसी समावेश नभएको र निकासा रकम विद्यार्थिको खातामा भुक्तानी गरेको प्रमाण पेश नभएको रु. 700000/- • कार्यालयमा खरिद गरिएका जिन्सी मालसामानको भुक्तानी गर्नुअघि स्टोर दाखिला गरेरमात्र भुक्तानी गर्नुपर्नेमा २०७७।७।३ मा हलेसी फर्निसिङबाट खरिद गरिएको रु.723 को दाखिला प्रमाण पेश हुनुपर्ने रु. 7231/- • भौ.नं. 307/2077/10/15 बाट कर्मचारी बैठक भत्ताको लागि छविरमण पोखरेललाई रकम उपलब्ध गराएकोमा उक्त खर्चको श्रेस्ता साथ रकम बुझाएको र खर्च गरेको प्रमाण समावेश नभएको खर्च सुनिश्चित गरी रकम खर्च भएको प्रमाण पेश नभएको फिर्ता दाखिला गर्नुपर्ने रु. 84000/- **भरपाईः** 373/2077/11/7 बाट बैठक भत्ता शिर्षकबाट खर्च जनाई चुडामणी निरौलालाई रु.50000/- भुक्तानी गरेकोमा संलग्न विवरण अनुरुप पंकज भुर्तेल र गणेश प्र. दाहाललाई रु.14500-/ ले बुझेको भरपाई समावेश नभएकोले रकम बुझाएकोभरपाई प्रमाण पेश हुनुपर्ने रु. 14000/-	१,८०५,२३१
५५.४			**योजनाको सम्झौता र लगानी स्थितिः** स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरपालिकाले छनौट गरी स्वीकृत योजनामा विनियोजन भएको रकम मात्र सम्बन्धित योजनामा खर्च गर्नुपर्ने व्यवस्था छ । सहकाले साठीमुरे योजनामा पाइप खरिद तथा अन्य संरचना निर्माण कार्य गर्न रु.2830238/- लागत अनुमान स्वीकृत गरी २०७६।७७ मा योजनामा नगरपालिकाले रु.200000/- तथा बाँकी उपभोक्ता समितिबाट व्यहोरिने गरी स्वीकृत भएको छ । यो वर्ष सो योजनामा रु.3914913/- को कामको विल पेश गरी रु.3382000/- नगरपालिका तर्फको रकम भुक्तानी गरेको पाइयो । योजनाको पुरै कामको लागत अनुमान स्वीकृत वेगर शुरु सम्झौता र लागत अनुमान भन्दा बढीको भुक्तानी गरेको तथा सो रकमको अतिरिक्त सोही योजनामा पुन थप कार्य गराई भुक्तानी गरेको समेत पाइयो ।	३,१९०,८७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उपभोक्ता समितिमार्फत खानेपानी योजनाको विभिन्न संरचना पाइप फिटिङ समेतको कार्य गराउदै शुरुको लागत अनुमान भित्र रहेको आइटम बाहेकको थप काम गराई भुक्तानी गर्नुअघि सम्बन्धित विषयगत कार्यालय (खानेपानी तथा सरसफाई डिभिजन झापा) सँग सो योजनाको कामको समन्वय भएको पाइएन । **अन्य निकायको दायित्व भुक्तानीः** स्थानीय सरकार संचालन ऐन २०७4 को दफा 73(7) मा कार्यपालिकाले सभाबाट पारित बजेट तथा सीमा बाहिर गई खर्च गर्न नहुने व्यवस्था छ । कार्यालयले शनिश्चरे बहुमुखी क्याम्पसको २०७६।७७ अवधिको विभिन्न दायित्व भुक्तानी गर्न रु.792000/- निकासा दिई सो खर्चको प्रतिवेदन र क्याम्पसको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्न शर्त तोकी रकम निकासा गरेको र तोकिएको विवरण पेश नभएको व्यहोरा आ.ले.प.बाट औल्याएकोमा लेखापरीक्षण अवधि सम्म पेश नगरेकोले खर्चको सुनिश्चितता नभएको रु. 782000/- **आ.ले.प. व्यहोराः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले परामर्शसेवा खरिद गर्दा खुल्ला रुपमा प्रास्ताव आह्वान गरी गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट कार्यालयले नगरपालिकाको गतिविधि र विशेषता नामको वृत्तचित्र निर्माण कार्यक्रम गर्न बजेट विनियोजन गर्दा ईपूर्व मिडिया प्रा.लि.को नाम तोकि बजेट विनियोजन गरेको र उक्त कार्य गर्न परामर्शदाताले पठाएको प्रस्ताव समेत दर्ता नगरी भुक्तानी गरेको व्यहोरा सम्बन्धमा नियमित भै नआएको भुक्तानी रु. 300000/- **बढी व्ययभारः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा स्थानीय तहको कार्यपालिकाको स्वीकृत बजेट खच गर्दा मितव्ययी र प्रभावकारी रुपबाट गर्नुपर्नेमा कार्यालयमा सवारी साधनहरु रहेकै अवस्थामा अनुगमन कार्यमा भाडामा सवारी साधन लिई प्रयोग गर्नाले बढी व्ययभार परेको व्हहोरा उल्लेख गरी रु.684800/- लाई वेरुजु औल्याएकोमा सो व्यहोरा नियमित भै नआएको रु. 684800/- • यलम्बर टाइम्सलाई एकै मितिको रु.20 हजार भन्दा बढीको ३ वटा विलबाट रु.60000/- भुक्तानी गरेकोमा विलमा विविध सामाग्रीहरु उल्लेख भएकोमा सो को दाखिला प्रतिवेदन समेत नगरहेकोले भुक्तानी खर्च नियमित नदेखिएको रु.60000/- • कार्यालयले चारआली आल्मुनियमबाट प्रति स्क्वायर फिट रु.300/- का दरले मर्मत सम्बन्धी कार्य गराई रु.207294/- खर्च गरकेवमा सो रकम मध्ये रु.190125/- को विल २०७७।३।१० (गत विगतको) को समेत समावेश गरेको छ। मर्मत कार्य गराउन अघि लागत अनुमान तयार नगरेको र गत वर्षको विलबाट भुक्तानी गरेकोमा भुक्तानी बाँकीको कच्चावारी समेत समावेश नभएको अनियमित रु.207294/- • **अन्य निकायको खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गर्न बजेट खर्च गर्न नहुने व्यवस्था छ । कार्यालयले जिल्ला भित्रका संघीय कार्यालयहरु तथा सरक्षा निकायहरुको लागि विभिन्न मितिका ती कार्यालयबाट प्राप्त विल भरपाई समेत समावेश गरी रु.222002/- खर्च लेखिएको व्यहोरा आन्तरिक लेखापरीक्षणबाट औल्याएकोमा सो सम्बन्धी व्यहोराको नियमित भै नआएको रु.222002/- • **बढी व्ययभारः** कार्यालय संचालनको लागि स्वीकृत बजेटबाट रकम खर्च गर्दा मितव्ययी ढंगबाट खर्च गर्नुपर्ने व्यवास्था छ । कार्यालयले विद्युत महशुल भुक्तानी गर्दा प्राधिकरणबाट प्राप्त गरी तोकिएको समय भित्र महशुल भुक्तानी गरी छुट पाउनेमा छुटको सुविधा समेत लिनुपर्नेमा सो बमोजिम नभई यो वर्ष विभिन्न भौ.नं. र मितिबाट विद्युत महशुल भुक्तानी गर्दा थप दस्तुर समेत भुक्तानी गरी बढी व्ययभार पारेको रु. 57494.72 • आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नुअघि तोकिएको प्रकृया पुरा गरे नगरेको यकिन गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भै.नं. र मितिबाट रु.25000/- भन्दा बढीको भुक्तानी गर्दा र पटक पटक मालसामान तथा कार्यालय सामान सोझै खरिद गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(८) बमोजिम विक्रेतालाई एकाउन्ट पेशी चेकबाट भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभएको व्यहोरा आ.ले.प.बाट समेत औल्याएकोमा वेरुजु नियमित गरी प्रमाण पेश नभएको अनियमित भुक्तानी रु.701418/-	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा रु.20 लाख भन्दा बढीको मूल्य अभिवृद्धि करमा दर्ता भएमा विक्रेताबाट मात्र खरिद गर्नुपर्नेमा कार्यालयले विभिन्न भौ.नं. र मितिबाट उक्त सीमा बढीको रु.164370/- मूल्यको खरिद सम्बन्धी कार्य समेत मू.अ.कर विजक नलिई खरिद कार्य गरेको उल्लेख गरी आ.ले.प. प्रतिवेदन भएकोमा नियमित भै नभएको खर्च रु.164370/- **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ मा सरकारी रकम खर्च गर्नुअघि रित पुगे नगपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न समयमा खरिद गरिएका जिन्सी मालसामान खरिद गर्नुअघि अधिकार प्राप्त अधिकारीबाट खरिद आदेश स्वीकृत नगर्ने, खरिद गरिएका सामग्री सबै दाखिला नभएको सीमा भन्दा बढीको खरिद गर्दा मू.अ.कर विजक नलिएको समेत रु.316958/- मूल्यमा खरिदको व्यहोरा औल्याएकोमा सो सम्बन्धी खर्चको नियमित गराई पेश गरेको छैन । तोकिए बमोजिमको आधारबाट मात्र खरिद गरी खर्च गर्नुपर्दछ । • भौ.नं.६६१।२०७८।३।३१ बाट मेलमिलाप कर्ता तालिमको लागत अनुमानमा सहभागिहरुलाई खाजा खर्च वापत स्वीकृत गरेको रकम पुरै खर्च गरी पुनः न्यायिक समिति तर्फको विविध खर्चबाट समेत रु.११५००/- समावेश गरी गौतम होटललाई भुक्तानी गरेको पाइयो । एकै कार्यमा दोहोरो खाजा खर्चमा भुक्तानी गरेको रु. ११५००/- अनियमित देखिएको रु. ११५००/-	
५६			**आन्तरिक आयको संकलन अवस्था**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६.१</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार आय ठेक्कामा मूल्य अभिवृद्धि कर समेत लिनुपर्ने व्यवस्था छ । खोला ठेक्का लिने निर्माण व्यवसायीहरुले मू.अ.कर सहित ठेक्का कवुल गरेकोमा मू.अ.कर वापतको रकम यकिन गरी सम्बन्धित राजस्व खातामा दाखिला नभएकोले निम्नानुसार मू.अ.कर रकम सम्बन्धित खातामा दाखिला हुनुपर्ने देखिएको छ ।
<table>
<tr><th>निर्माण व्यवसायीको नाम</th><th>कूल कवुल रकम</th><th>मू.अ.कर रकम</th><th>दाखिला भएको रकमको आधारमा हुने मू.अ.कर</th></tr>
<tr><td>जे एण्ड जे निर्माण सेवा</td><td>15995647.20</td><td>1840207</td><td rowspan="2">920353</td></tr>
<tr><td>जे एण्ड जे निर्माण सेवा</td><td>10458777.15</td><td>1203202</td></tr>
<tr><td>प्रगतिसिल निर्माण सेवा</td><td>3766290</td><td>463290</td><td>389962</td></tr>
<tr><td>कृष्ण निर्माण सेवा</td><td>2153103.17</td><td>2477021</td><td>615946</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>5983720</td><td>1926261</td></tr>
</table>
उपरोक्तानुसारको कवुल बमोजिमको रकम छानविनबाट असुल गर्नुपर्ने देखिएमा रु. 5983720 /- मूल्य अभिवृद्धि करमा दाखिला हुनुपर्दछ । यो वर्ष सम्म निर्माण व्यवसायीहरुले बुझाएको रकम पालिकाकै खातामा एकमुष्ट जम्मा गरेकोले सो रकमबाट मू.अ.कर वापतको रु.1926261 सम्बन्धित खातामा दाखिला हुनुपर्दछ रु. १९२६२६१
मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम आय ठेक्कामा मूल्य अभिवृद्धि कर समेत असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खुदुनावारी बजार (आइतबारे पशु चौपाया) संचालन ठेक्का लाहस्सो कन्ट्रक्सन प्रा.लि.बाट गराउने गरी रु.3962000/- मा ठेक्का बन्दोवस्त गरेकोमा सोमा लाग्ने मू.अ.कर रु.411060/- असुल गरी सम्बन्धित मू.अ.कर खातामा दाखिला हुनुपर्ने रु. 411060/-</td><td>२,३३७,३२१</td></tr>
<tr><td>५६.२</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट पारित बजेट सीमा र कार्यक्रम बाहिर गई खर्च गर्न नहुने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ को लागि राजस्व फिर्ता शिर्षकमा रु.१३६४५०९/- व्यवस्था गरेकोमा खुदुनावारी बजार ठेक्का लिने व्यवसायीलाई कोभिड-१९ को कारण सम्झौता अनुसार रकम बझाउन नसक्ने अवस्था देखाई रु.१७५९८५३.६१ तथा शनिश्चरे बजार ठेक्काका ठेकेदारलाई रु.२३२८९२/- समेत सभाको निर्णयको आधारमा २०७८।३ मा रकम फिर्ता गरेको पाइयो । संसोधित बजेटमा समावेश भएको भन्दा बढी भुक्तानी गरेको अनियमित रु.</td><td>६२८,२३६.६१</td></tr>
<tr><td>५६.३</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको खोलाबाट स्वीकृत आई.ई.ई. प्रतिवेदनमा तोकिएको परिमाणमा ढुंगा, गीट्टी, बालुवा संकलन र विक्रि गर्न सक्ने व्यवस्था छ । यो वर्ष २०७७।६।१ देखि निम्नानुसारका खोलाहरुबाट नदी जन्य पदार्थ संकलन र विक्रि गर्न देहायका निर्माण व्यवसायी छनौट गरेको पाइयो ।
<table>
<tr><th>खोलाको नाम</th><th>उत्खनन् परिमाण</th><th>न्यूनतम रकम (मू.अ.कर बाहेक)</th><th>कबुल अंक मू.अ.कर सहित</th><th>निर्माण व्यवसायीको नाम</th></tr>
<tr><td>विरीङ खोला प्याकेज-1</td><td>54००० घ.मी.</td><td>10218395</td><td>15995647.20</td><td>जे एण्ड जे निर्माण सेवा</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम

विरीङ खोला प्याकेज-2	39050 घ.मी.	6758496.41	10458777.15	जे एण्ड जे निर्माण सेवा
ठूलो नेते खोला	१४००० घ.मी.	2492466.50	3766290	प्रगतिसिल निर्माण सेवा
टाङटिङ खोला	७९७५० घ.मी.	14114081	2153103.17	कृष्ण निर्माण सेवा

· नदीजन्य पदार्थहरुको संकलन र विक्रि गर्न वोलपत्रको माध्यमबाट छनौट भएका निर्माण व्यवसायीहरुलाई वोलपत्रको सूचनामा उल्लेखित शर्तको आधारमा बैंक ग्यारेन्टी र नगद रकम जम्मा गरेपछि सम्झौता गरी मात्र संकलन इजाजत दिनुपर्नेमा कार्यालयले २०७७।५।३१ मा ७ दिन भित्र नगरपालिकासँग सम्झौता गर्न आउने पत्राचार गरेकोमा २०७७।६।१ देखि खोलाहरुमा उत्खनन प्रतिवन्ध खुल्ने हुनाले निर्माण व्यवसायीहरुबाट नगद रकम दाखिला भएको अवस्था देखाई सम्झौता नै नगरी नगरप्रमुखस्तरीय २०७७।६।२ को निर्णयबाट संकलन र विक्रि इजाजत दिएको पाइयो ।

संकलन इजाजत मिति	खोलाको नाम	निर्माण व्यवसायीको नाम	दाखिला रकम
2077/6/2	टाङरिङ खोला	कृष्ण निर्माण सेवा	2230000
2077/6/2	ठूलो नेते खोला	प्रगतिसिल निर्माण सेवा	1430000
2077/6/2	विरीङ खोला प्याकेज-1 र 2	जे एण्ड जे निर्माण सेवा	8000000
जम्मा			11660000

· स्थानीय सरकार संचालन ऐन तथा नदीजन्य ठेक्का व्यवस्थापन निर्देशिकामा बमोजिम कवुल कर्ताले रसिद छपाई गरी नगरपालिकाबाट प्रमाणित गराएर मात्र संकलन र विक्रि गर्नुपर्नेमा खोलाहरुबाट नदीजन्य पदार्थ संकलन र विक्रि कार्यको इजाजत सम्बन्धमा सम्मानीत सर्वोच्च अदालमा मुद्दा परी उक्त कार्य यथास्थितिमा राख्ने सम्मानीत अदालतको आदेश २०७७।६।४ गते कार्यालयमा तामेल भएकोले अदालतको अन्तिम फैसला नभएसम्म उक्त इजाजतमा दिएको कार्य स्थगन गर्न सम्बन्धित निर्माण व्यवसायीलाई जानकारी गराउने २०७७।६।२६ को कार्यपालिकाको बैठकबाट निर्णय गरी उक्त निर्णय २०७७।७।७ को पत्रिकामा समेत प्रकाशन गरेको उल्लेख छ । सो अवधिपछि सम्बन्धित निर्माण व्यवसायीहरुले खोलाबाट मेशिनहरु निकालेको, फिर्ता गरेको, संकलन र विक्रिको परिमाण खुलाई उत्खनन् कार्य रोकेको सम्बन्धमा कार्यपालिकाबाट अनुगमन र निरीक्षण गरी स्थिति खुलेको प्रतिवेदन तयार गरी अभिलेख गरेको पाइएन।

· लेखापरीक्षणमा पेश भएको रकम संकलन सम्बन्धि विवरण अनुसार ठुलो नेते खोलाको ठेक्का कवुल गर्ने व्यवसायीले २०७७।५।९ मा रु.100000/- (छनौट निर्णय अघि) तथा २०७७।६।४, ६ र ७ गतेबाट रु.3389670/- टाङटिङ खोला कवुल गर्ने निर्णय व्यवसायीले २०७७।९।२९ मा रु.2500000/- तथा २०७७।१०।४ मा समेत रु.624000/- बुझाएको भौचरबाट देखिएको छ ।

· साथै विरिङ १ र २ का निर्माण व्यवसायीले २०७७।६।२ मा रु.8000000/- बुझाएको भएतापनि सो अवधि पछि रकम दाखिला सम्बन्धमा उल्लेख गर्न सकिएन ।

· कार्यालयले पेश गरेको विवरण अनुसार निर्माण व्यवसायीहरुले पालिकाको खातामा निम्नानुसार रकम जम्मा गरेको विवरण पेश भएको छ ।

निर्माण व्यवसायीको नाम	जम्मा रकम	
जे एण्ड जे निर्माण सेवा	8000000	
	3389670	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>प्रगतिसिल निर्माण सेवा</td><td></td><td></td></tr><tr><td>कृष्ण निर्माण सेवा</td><td>5354000</td><td></td></tr><tr><td>जम्मा</td><td>16743670</td><td></td></tr></table>	
५६.४			· लेखापरीक्षणमा प्राप्त विवरण अनुसार निर्माण व्यवसायीहरुले देहायको मिति र परिमाणमा मात्र नगरपालिकामा रसिद छपाई गरी पेश गरेको देखिएको छ । <table><tr><td>निर्माण व्यवसायीको नाम</td><td>रसिद ठेली संख्या</td><td>न.पा.मा दर्ता गरेको</td></tr><tr><td>जे एण्ड जे निर्माण सेवा</td><td>१०० दरका २०० ठेली</td><td>2077/6/2</td></tr><tr><td>कृष्ण निर्माण सेवा</td><td>१००0 दरका 140 ठेली</td><td>2077/8/6, 2077/10/7</td></tr><tr><td>प्रगतिसिल निर्माण सेवा</td><td>१०० दरका २३ ठेली</td><td>2077/6/4, 2077/7/13</td></tr></table>निर्माण व्यवसायीहरुले नगरपालिकाबाट रसिद प्रमाणित गरी लिएकोमा बाँकी रहेका विक्रि रसिदहरु २०७८।३।१७ मा मात्र फिर्ता गरेको भएतापनि विभिन्न ढुवानी साधन टेक्टर, ट्रिपर तथा नदीजन्य पदार्थ बालुवा, ढुंगा विक्रिको छुट्टाछुट्टै दरबाट छपाई गरी लिएकोले सो सम्बन्धी उत्खनन् परिमाण यकिन नगरिएको अदालतको आदेशको कारण देखाई संकलन र विक्रि रोक्ने निर्णय अघि सम्मको परिमाण यकिन गरी प्रदेश आर्थिक ऐन अनुसारको दरबाट लिनुपर्ने रकम यकिन नगरेको, ढुंगा गीट्टी संकलन र विक्रि रोक्ने निर्णय र सूचना पछि पनि निर्माण व्यवसायीले रसिद प्रमाणित गरी लिएको तथा थप रकम जम्मा गरेको समेतको अवस्था देखिएको उत्खनन्, संकलन र विक्रिको परिमाण यकिन गर्दा ढुंगा, बालुवा, गिट्टी आदिको परिमाण निश्चित गरी ठेक्का सम्झौता गर्नुपर्नेमा सो अनुसार नगरी एकमुष्ट परिमाण तोकि अस्थायी इजाजतबाट नदीजन्य पदार्थ संकलन विक्रि कार्य गराएको, अदालतमा मुद्दा परि विचराधिन रहेको अवस्थामा थप रसिद प्रमाणित गरी दिएको, २०७७।१०।४ मा कृष्ण निर्माण सेवाले एक्साभेटर र भ्याकुलोड ४ वटा मेशिन संचालनको इजाजत माग गरी पत्र दर्ता गराएको समेत देखिएको र कार्यालयले थप रकम उठाएको समेत देखिएकोले निर्माण व्यवसायीहरुले संकलन र विक्रि गरेको परिमाण यकिन गरी प्रदेश आर्थिक ऐन अनुसारको दरबाट सबै रकम प्राप्त भए नभएको सम्बन्धमा पुन पालिकाबाटै छानविन गरी थप रकम असुल हुनुपर्दछ ।	
५६.५			**हेभिईक्युपमेण्टआयः**स्थानीयसरकारसञ्चालनऐन२०७४कोदफा66स्थानीय तहले आफ्नो आयको सबै श्रोत पहिचान गरी प्राप्त हुने आयलाई व्यवस्थित रुपमा सबै आय रकम चुहावट तथा हिनामिना नहुनेगरि आन्तरिक नियन्त्रणको व्यवस्था गर्नुपर्ने गरि तोकिएको छ । पालिका कार्यालयमा रहेका हेभि मेशिनरी (ग्रेडर रोलर ट्यांकर जेसिबी)हरु लाई उपयोग गर्ने कार्यमा मेशिन प्रयोगकर्तालि आ.व. २०७७।७8 मा मेशिनहरु प्रयोग गरे वापत कार्यालयले लेखापरीक्षणमा पेश गरेको विवरण अनुसार यो वर्ष मेशिनरी भाडा आय रु.1211750/- मात्र रहेको साथै नगरपालिकाको स्वामीत्वमा रहेको उल्लिखित मेशिन उपकरणहरु नगरप्रमुख, उपप्रमुख तथा प्रशासकिय अधिकृत समेतले निशुल्क संचालनको तोक आदेश गरी रु.430700/- छुट गरिएको विवरण समेतबाट देखिएकोले मेशिन उपकरण संचालन गर्न लाग्ने इन्धन तथा मर्मत संभारको खर्च पालिकाले व्यहोर्ने तर विभिन्न पदाधिकारीको निर्णयबाट निशुल्क संचालनको आदेश दिने गरेको अवस्थाले पालिकाको स्रोत साधन उचित तवरबाट परिचालन भएको मान्न सकिएन । प्राप्त हुने सबै प्रकारका राजस्वलाई चुहावट हुन नदिई मेशिनहरुको संचालन कार्यविधि तयार गरी संचालन अवधि र खर्च एवं आम्दानी रकम दुरुस्त गरी लेखापरीक्षणमा समेत पेश गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७			**खर्च लेखाङ्कन र भुक्तानी**	
५७.१			• 782/2078/3/30, भूमीहिन सुकुम्वासीको लगत संकलन कार्यमा रु.91112.50 का विल भरपाई श्रेस्तासाथ समावेश भएकोमा उक्त भौचरबाट रु.96287/- खर्च कायम गरेकोले थप खर्चको पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु.5174.50 • 489/2077/12/17, तोकिए बमोजिमको कार्य गरी विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश गर्ने शर्तमा शनिश्चरे मा.वि.लाई निकासा दिएको रु.100000/- बाट भएको कामको विवरण र विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.100000/- • ·505/2077/12/24, बैठक भत्ता वापत सन्तोष पोखरेल मार्फत रु.184500/- भुक्तानी गरेकोमा उक्त रकम सम्बन्धित लाई बुझाएको भरपाई श्रेस्तासाथ समावेश नभएकोले उक्त खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु. 184500/- • निम्नानुसारको भौ.नं. र मितिबाट खर्च जनाइएको श्रेस्तासाथ भुक्तानी रकमलाई पुष्टि गर्ने प्रमाण संलग्न नगरेको व्यहोराको प्रतिवेदन २०७८/5/20 मा आन्तरिक लेखापरीक्षकले पेश गरेकोमा उक्त खर्चलाई पुष्टि हुने प्रमाण समावेश नगरेकोले सोको प्रमाण पेश हुनुपर्दछ रु.238231/- भौ.नं./मिति — व्यहोरा — रकम 661/2078/3/18 — मेलमिलाम कर्ताको यातायात खर्च — 188300 751/2078/3/28 — जेनेरेटर भाडा तथा प्रचार प्रसार — 47500 778/2078/3/30 — कला साहित्य संस्कृति प्रवर्धन समितिको भुक्तानी — 2431 जम्मा — 238231	५२७,४०५.५
५७.२			• 30/2078/3/31, अनुदान खातामा प्राप्त रकम राजस्व खातामा ट्रान्स्फर उल्लेख गरी रु.245747 लाई आम्दानी देखाएकोमा उक्त रकम तोकिएको कार्यमा खर्च नभएमा सम्बन्धित निकायमा फिर्ता दाखिला हुनुपर्ने रु. २४५७४७/-	२४५,७४७
५८			**रकम दाखिला**	१७९,७३५

Nested table (within ५७.१):

भौ.नं./मिति	व्यहोरा	रकम
661/2078/3/18	मेलमिलाम कर्ताको यातायात खर्च	188300
751/2078/3/28	जेनेरेटर भाडा तथा प्रचार प्रसार	47500
778/2078/3/30	कला साहित्य संस्कृति प्रवर्धन समितिको भुक्तानी	2431
जम्मा		238231

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			7/2077/12/19, संघीय शर्शत कार्यक्रमबाट संचालित जनता आवास (न्यून लागत आवास) कार्यक्रमको ठेक्कापट्टामा भाग लिने निर्माण व्यवसायी फ्रेण्डस अर्विट कन्स्ट्रक्सनको वोलपत्र स्वीकृत भई सम्झौता गर्न पत्राचार गरेकोमा तोकिएको अवधिमा सम्झौता गर्न नआएको कारण कालोसूचीमा राखी विडवण्ड वापतको रु.151000/- जफत गर्ने निर्णय भएकोमा उक्त जफत रकम संघीय संचितकोषको तोकिएको शिर्षकमा जम्मा गर्नुपर्नेमा पालिकाका राजस्व खातामा जम्मा गरेकोले सो रकम संघीय संचितकोष दाखिला हुनुपर्ने रु. 151000/-	

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । जिम्मामा रहेको सरकारी नगदी रकम दश दिन सम्म ढिला गरेमा दाखिला बाँकी रकम र सोको दश प्रतिशत सम्म जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार कारवाही समेतको व्यवस्था छ । कार्यालयले विभिन्न वडा तथा केन्द्रमा संकलन गरेको राजस्व रकम सोही दिन बैंक दाखिला गर्ने नगरेको र दश दिन भन्दा बढि ढिला दाखिला गरेकोमा ऐनको व्यवस्था बमोजिम थप जरिवना गरी दाखिला गर्न नलगाएको अवस्था राजस्व असुली र दाखिलाको विवरणबाट देखिएको छ। छनौट गरी परीक्षण गर्दा देखिएको अवस्थाः

केन्द्र			वडा कार्यालय			
महिना	संकलन रकम	दाखिला मिति		महिना	संकलन रकम	दाखिला मिति
श्रावण	173190	2077/5/3	1	श्रावण	44294	2077/5/1
			2		55930	2077/5/1
			3		92400	2077/5/2
			4		153575	2077/5/2
			5		564625	2077/5/2
			6		286111	2077/5/3
			7		165993	2077/5/8
			8		227055	2077/5/12
			9		363814	2077/5/1
			10		211965	2077/5/1
			11		376457	2077/4/22
भाद्र	1131017	2077/5/31	1	भाद्र	67881	2077/5/19 2077/9/1
			2		80285	2077/5/31
			3		167109	2077/5/31

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

			4		123090	2077/6/22
			5		375425	2077/5/31
			6		408037	2077/5/31
			7		156640	2077/6/5
			8		380835	2077/6/12
			9		289286	2077/5/31
			10		228810	2077/9/2
			11		363534	2077/6/8
आश्विन	1732199	2077/6/30 2077/7/19 2077/8/24	1	आश्विन	60384	2077/7/4
			2		60345	2077/6/30
			3		1001925	2077/7/2
			4		148975	2077/9/29
			5		271743	2077/7/2
			6		357702	2077/7/18
			7		310394	2077/7/5
			8		486200	2077/7/5
			9		182737	2077/6/13
			10		260576	2077/7/24
			11		464440	2077/7/1

राजस्व रकम अन्य महिनामा समेत तोकिएको अवभि भित्र दाखिला नगरेको, ढिला दाखिला गरेको अवस्था समेत देखिएको छ । केन्द्रमा संकलन गरेको २०७७ मंसिर महिनाको रु.132446/- 2077/10/12 मा मात्र बैंक दाखिला गरेको पाइयो । यसै गरी २०७७ मंसिरको संकलित रकम वडा कार्यालय ७ ले २७७।१०।९ मा मात्र रु.26935/- दाखिला गरेको वडा नं. 2 ले २०७७ चैत्र देखि २०७८ आषाढ सम्मको रकम २०७८।३।२ मा रु.17826/- वडा नं. 4 ले २०७७ चैत्र देखि आषाढ सम्मको २०७८।३।३१ मा मात्र रु.110050/- बैंक दाखिला गरेको समेत देखिएकोले ऐनले तोकेको अवधि भित्र दाखिला नगरी ढिला दाखिला गरेको उपरोक्त रकममा लाग्ने जरिवाना रु.28735/- असुल गरी दाखिला गर्नुपर्दछ । साथै महिनाको अन्तिम दिन सम्म रकम आफ्नो जिम्मामा राख्ने र अन्तिम दिन दाखिला गर्ने अवस्था देखिएको २ महिना र सो भन्दा बढी अवधि ढिला गरी दाखिला गरेको समेतको अवस्था सम्बन्धमा पालिकाबाटै पुन ढिला दाखिला गरेको अवधि यकिन

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गर्नुपर्दछ । राजस्व ढिला दाखिला गरेको अविध यकिन गरी सोमा लाग्ने जरिवाना समेत लगाई ऐनले तोके बमोजिमको रकम असुल गरी राजस्व रकम सोही दिन वा भोलिपल्ट बैंक दाखिला गर्ने व्यवस्था हुनुपर्दछ रु.२८७३५/-	
५९			**लगानीको अवस्था** **योजना तर्जुमा तथा कार्यान्वयनः** स्थानीय सरकार संचालन ऐन २०६४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याङ्कन गर्नुपर्ने तथा नियम २४(७) मा नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमको लागि अनुदान प्रदान गरी सो कार्यन्वयन गर्न प्रकृया निर्धारण गरेकोमा नगरपालिकाले सोही प्रकृया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः • पालिकाले कन्काई-विर्ता-अर्जुन नविकरणीय उर्जा तथा फोहर मैला व्यवस्थापन लिमिटेडसँग सहकार्यमा २०७८ सम्ममा 1000 घरबाट निस्किएको कूहिने फोहरको ग्यासलाई पाइप लाइन मार्फत वितरण गर्ने कार्य गर्न उक्त कम्पनीसँग २०७६।३।३० मा सम्झौता गरी गत वर्ष रु.10 लाख र यो वर्ष समेत कम्पनीले मालसामान खरिद गरेका २ विजक नगरपालिकामा पठाई रु.१५ लाख थप लगानी गरेको छ । गत वर्ष पूँजीगत खर्च शिर्षकमा तथा यो वर्ष वित्तीय व्यवस्थापन खर्च शिर्षकबाट कम्पनीमा लगानी गरेकोमा हालसम्म यो कार्यक्रम संचालन नभएको कार्यक्रमको अनुगमान, मूल्याङ्कन नभएको र कम्पनीमा पालिकाको लगानी सुनिश्चिताको प्रमाण पत्र समेत पेश नभएकोले सम्झौताको शर्त अनुसार कार्य गराई लगानी प्रमाण पत्र पेश हुनुपर्ने रु.	२,५००,०००
६०			**आ.ले.प. व्यहोरा** • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नुअघि विलमार्फत तथा प्रमाण समेतको रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोभिड-19 को संक्रमण गरिएका खर्च र भुक्तानी अवधिमा कारोवारमा कैफियत कायम गरी आ.ले.प.बाट औल्याएकोमा सो सम्बन्धी प्रमाण समावेश गरी अद्यावधिक गरेको नपाइएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र खर्च गर्नुपर्दछ ।	

खर्च विवरण	रकम	कैफियत
विभिन्न गाडीहरुमा इन्धनको भुक्तानी	384197	इन्धन खपको लगबुक समावेश नभएको
गौतम होटल र अर्जुनधारा जलेश्वरघामलाई खाना खाजा भुक्तानी	1281834	क्वारेन्टिनमा रहने व्यक्ति तथा स्वास्थ्यकर्मीहरुलाई खाना खाजाको भुक्तानी गर्दा पान विल मात्र रहेको
विभिन्न सप्लायर्सलाई सामाग्री खरिद भुक्तानी	111509	वीस हजार भन्दा बढीको खरिद गर्दा मू.अ.कर विजक नरहेको
शनिश्चरे मा.वि.लाई भुक्तानी नपुग कागजात खानी न्यू प्वाइन्ट र शुभ श्री	15210	विजुली विल र डेक्स वेन्चको भुक्तानी
खाजा घरको भुक्तानी	91620	खर्च पुष्टि हुने माइन्युट उपस्थिति समावेश नभएको
गाडी भाडा	60000	गाडी भाडामा लिने सम्बन्धी निर्माण आदेश समावेश नभएको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा तोकिए बमोजिम रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोभिड-19 को सूचना सम्प्रेषणबाट विभिन्न पत्रपत्रिकालाई रु.42700/- रकम भुक्तानी गर्नु अघि सो कार्य गराउने सम्बन्धी आधिकारीक निर्णय नगरी रकम भुक्तानी गरेको तथा विक्रेतालाई रकम भुक्तानी नगरी कर्मचारीलाई भुक्तानी गरेको व्यहोरा आ.ले.प.बाट समेत उल्लेख भएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र खर्च गर्नुपर्दछ । • खरिदको लागत अनुमानः सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम रु.१ लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । 388/2077/10/11 नगरसभा संचालनको लागि सुगम सेल्सबाट व्याग खरिद गरी रु.190754/- भुक्तानी गरेकोमा उक्त खरिदको लागत अनुमान स्वीकृत गरी खरिद गरेको नपाइएकोले तोकिएको प्रकृया पुरा गरेर मात्र खरिद गर्नुपर्दछ । • संघीय शशर्त तर्फको कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत कार्यक्रम निर्देशिका बमोजिम सम्बन्धित लाभग्राहीसँग सम्झौता गरी कार्य पुरा भएपछि मात्र रकम भुक्तानी गर्नुपर्नेमा जरुवापैनी तथा साना सिंचाई तर्फको रु.145000/- नगरपालिकाका कर्मचारी मार्फत भुक्तानी दिई खर्च गराएको तथा विभिन्न मिति र भौ.नं.बाट फर्निचर तथा कम्प्युटर खरिदमा रु.755231/- खर्च गरी भुक्तानी गर्नु अघि माग फारम स्वीकृती नभएको व्यहोरा आन्तरिक लेखापरीक्षणबाट समेत औल्याएको छ । कार्यक्रम संचालन गर्दा स्वीकृत कार्यविधि अनुरुप छनौट भएका लाभग्राहीबाट सम्झौता गरी संचालन गर्नुपर्ने तथा मालसामान खरिद गर्नुअघि तोकिएका अधिकारीबाट खरिद आदेश स्वीकृत गराउनुपर्दछ । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा मालसामान खरिद सम्बन्धी कार्यको मात्र योजना स्वीकृत गरी उपभोक्ता समितिबाट गराई भुक्तानी गर्ने व्यवस्था नभएकोमा कार्यालयले भानु मा.वि.लाई प्रोत्साहन अनुदान रु.650000/- निकासा गर्न विद्यालयले पेश गरेको माइन्यूटमा ८० प्रतिशत रकम मालसामान खरिद गरिने उल्लेख गरेको र अन्य विद्यालयहरुलाई समेत प्रोत्साहन अनुदानबाट मालसामान खरिद कै विलभरपाई समावेश गरेको आधारमा निकासा गरेकोमा विद्यालयहरुले खरिद नियमावली २०६४ को खरिद सम्बन्धी व्यवस्था अनुसार प्रतिस्पर्धाबाट खरिद कार्य नगरेको व्यहोरा आ.ले.प.बाट औल्याएकोमा सो वेरुजु नियमित गरी गराई पेश गरेको नपाइएकोले तोकिएको प्रकृया पालना गरेर मात्र रकम खर्च गर्नुपर्दछ । • आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ को दफा.... आन्तरिक लेखापरीक्षणबाट औल्याएको व्यहोरा अन्तिम लेखापरीक्षण अगावै असुल, फर्स्यौट र नियमित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औल्याएका निम्न व्यहोराहरु प्रतिवेदन प्राप्त भएपछि असुल, फर्स्यौट तथा नियमित गरी पेश नगरेकोले प्रतिवेदनमा समावेश गरिएको छ ।	
६१			**कोभिड-१९ तर्फ**	
६१.१			**मालसामान दाखिलाः** कोभिडबाट प्रभावित नागरिकलाई क्वारेन्टिन तथा आइसोलेशन केन्द्रमा राख्ने प्रयोजको लगि शनिश्चरे मा.वि., जनता आवास अन्तर्गत निर्माणाधिन घरहरु, स्वास्थ्यचौकी (वडा नं.4) मा विरामी वेड तयार गर्न प्लाइउड र अन्य निर्माण सामग्री खरिद गरी रु.426261/- खर्च गरेकोमा निर्माण गरिएका खाट वेडहरु जिन्सीमा आन्दानी नगरेको खरिद गरिएमा सबै मालसामानहरुको जिन्सी अद्यावधिक गरी प्रमाण पेश हुनुपर्ने रु. 426261/- **खर्चको पुष्ट्याईः** कार्यालयले मेची अंचल अस्पताललाई रु.200000/- निकासा दिई खर्च गरेकोमा संक्रमित व्यक्तिहरुको स्वाब संकलन गरी नमूना पठाई परीक्षण गरेको रिपोर्ट र विवरण संख्या वेगर उक्त खर्च पुष्टि हुने प्रमाण समावेश नभएको रु.200000/- **सामान जडान दाखिलाः** कार्यालयमा खरिद गरी प्राप्त भएका सबै जिन्सी मालसामानको दाखिला तथा सुरक्षित रुपमा राख्नुपर्ने व्यवस्था छ । जनता आवार कार्यक्रमबाट निर्माणाधिन भवनहरुमा क्वारेन्टिन स्थल निर्माण गर्न वालफेन, सिलिडफेन समेत जडान कार्यमा रु.236100/- तथा वडा नं. 3 वडाध्यक्षले खरिद गरेको रु.50879/- मूल्यमा मालसामानहरु क्वारेन्टिन स्थल हटाएपछि फिर्ता दाखिला गरेको जिन्सीमा आम्दानी गरेको प्रमाण पेश हुनुपर्ने रु.286980/-	१,६९१,५३३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

प्रदेश सरकारबाट प्राप्त रकम विशेष संचेतना अभियान संचालन गरेको उल्लेख गरी मुकुन्द वस्नेतलाई भौ.नं. 60/2077/11/10,रु.506637/- भुक्तानी गरेकोमा श्रेस्तासाथ खर्च भौचर प्रमाणित नभएको र फस्यौंट गरेको विवरणमा संलग्न पाना ७७ मात्र उल्लेख गरी रकम भुक्तानी गरेकोले उक्त कार्यमा भएको कृयाकलाप तथा सो सम्बन्धी खर्चका विलभरपाई प्रमाण पेश हुनुपर्ने रु.506637/-
मेडिकल फर्मा सेन्टरलाई भौ.नं. 59/2077/10/20, 55/2077/10/20 बाट रु.73712/- भुक्तानी गरेकोमा सो खर्च पुष्टि हुने सामान दाखिला रिपोर्ट पेश नभएको रु.73712/-

गत विगतको खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा तोकिएको प्रकृया पुरा गर्नुपर्ने व्यवस्था छ । भौ.नं. 46/2077/9/19 बाट प्रसाई किराना पसललाई २०७६।७७ को अवधिको विजक समेश गरी भुक्तानी बाँकीमा प्रमाणित नभएको रु.78074/- भुक्तानी गरेको रु. 78074/-

कोभिड-19 रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यमा खरिद गरिएका विभिन्न जिन्सी मालसामान तथा औषधिहरु भुक्तानी गर्नु अगावै जिन्सी दाखिला गरेर मात्र रकम भुक्तानी गर्नुपर्नेमा सो अनुसार दाखिलाको प्रमाण समावेश नभएको रु. 520892/-

<table>
<tr><th>भौ.नं./मिति</th><th>सामाग्री विवरण</th><th>रकम</th></tr>
<tr><td>20/2077/7/3</td><td>अर्जुन पुस्तक पसलबाट खरिद विभिन सामाग्री</td><td>182393</td></tr>
<tr><td>39/2077/9/1</td><td>विभिन्न सामाग्री नगरस्तरीय विपद समितिबाट खरिद</td><td>277620</td></tr>
<tr><td>62/2077/12/29</td><td>वडा नं.3 अध्यक्षबाट खरिद सामाग्री</td><td>50879</td></tr>
<tr><td>55/2077/10/20</td><td>विविध औषधी खरिद</td><td>10000</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>520892</td></tr>
</table>

कोरोना संक्रमण नियन्त्रणको लागि प्राप्त रकम तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्नेमा कार्यालयले शशस्त्र प्रहरी वलको गाडी मर्मत संभारमा रु.54951/- खर्च गरेकोमा उक्त गाडी पालिकाबाट मर्मत गराउने सम्बन्धी निर्णय पेश नभएको रु.54951

</td><td></td></tr>
<tr><td>६१.२</td><td></td><td></td><td>

पूर्वाञ्चल दैनिकलाई सूचना सम्प्रेषण कार्यको भुक्तानी गर्दा बढी भुक्तानी गरेको आ.ले.प.बाट औल्याएको वेरुजु असुल नभएको रु. 425/-

</td><td>४२५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.३			**जोखिम भत्ताः** नेपाल सरकार मन्त्रीपरिषदको २०७६।१२।... गतेको जोखिम भत्ता सम्बन्धी आदेश २०७७ मा कोरोना संक्रमणको उपचारमा नियन्त्रण सम्बन्धी प्रथम पङति रही कार्य गर्ने स्वास्थ्यकर्मीहरुलाई तोकिएको प्रतिशतको आधारमा तथा अन्य कर्मचारीहरुलाई सो कार्यमा खटाएको पत्र तथा हाजिरी समेतका आधारमा तोकिए बमोजिम जोखिम भत्ता दिने व्यवस्था छ । पालिकाको २०७७।७८ को बजेट विनियोजनमा जोखिम भत्ता सम्बन्धी शिर्षकमा रकम विनियोजन भएको पाइएन । तर भौ.नं. 15/2077/6/12 बाट २०७६।१२।११ देखि कोरोना संक्रमण नियन्त्र कार्यमा अग्रपङतीमा रही कार्य गरेको उल्लेख गरी प्र.प्र.अ.लाई ८२ दिन तथा स्वास्थ्यकर्मीले १०१ दिन सुरक्षाकर्मीले ११४ दिन सम्मको ५० प्रतिशत देखि १०० प्रतिशतका दरले जोखिम भत्ता भुक्तानी दिएको पाइयो । जोखिम भत्ता भुक्तानी गर्ने टिप्पणीमा भत्ताको लागि रकम नपुग हुने राय सहित पेश भएकोमा चालु खर्चबाट रु.3000000/- खर्च लेख्ने निर्णय प्र.प्र. अधिकृतले स्वीकृत गरी रु.2816178/- खर्च गरेको पाइयो । नेपाल सरकारले २०७६।१२।११ देखि सम्पूर्ण लकडाउन गरेको २०७७।१।२३ देखि आर्थिक खुल्ला गरी २०७७ जेष्ठ १ देखि लकडाउन खुल्ला गरेकोमा समेत कोरोना नियन्त्रण सम्बन्धी काममा खटाएको पत्र समावेश नभउको, खटिएको स्थान र अवधि पुष्टि हुने हाजिरी वेगर तथा भत्तामा रकम व्यवस्था नै नभएकोमा २०७७।७८ को लागि स्वीकृत चालु खर्चबाट रकमान्तर वेगर नै खर्च लेखी भुक्तानी गरेकोले खर्च भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई काममा खटाएको स्थान र अवधि खुलेको हाजिरी प्रमाण र पत्र समेतबाट खर्च भुक्तानी पुष्टि हुने प्रमाण वेगर २०७६।७७ को अवधिको भुक्तानी गरेको अनियमित रु.2812178/- • भौ.नं. 77/2078/3/7, शनिश्चरे मा.वि.मा क्वारेन्टिन स्थल संचालन गरे वापत उक्त मा.वि.को पानी विजुली समेत रु.169840/- भुक्तानी गरेकोमा उक्त रकम भुक्तानी गर्दा थप दस्तुर जरिवाना वापत रु.26862/- समेत भुक्तानी गरी बढी खर्च गरेको रु. 26863/-	२,८३९,०४१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.४			**खर्च स्थितिः** जिल्ला प्रशासन कार्यालयले कोभिड-19 बाट प्रभावितहरुको लागि राहतकोषमा जम्मा गरी निषेधाज्ञा अवधिमा रोजीरोटी समस्यामा परेकालाई वितरण गरी सोको विल भरपाई सक्कल पठाउने शर्तमा पठाएको रु.75000/- खर्च नगरी खातामै मौज्दात राखेको छ । उक्त रकमलाई कोषमा आम्दानी जनाई तोकिएको कार्यमा खर्च भएको पाइएन । **मृतकक्षतिपूर्तीः** नेपाल सरकारले कोभिडबाट मृत्यु हुने नागरिकलाई मृतक क्षतिपूर्ती सम्बन्धी व्यवस्था गरेको पाइएन । तर पालिकाको २०७८।२।४ को वोर्ड बैठकको निर्णयले कोभिडबाट प्रभावित भई मृत्यु भएका प्रति व्यक्ति रु.25000/- का दरले मृतकको परिवार तथा हकदारलाई रकम उपलब्ध गराई रु.525000/- खर्च गरेको छ । **खाना खाजा खर्चः** नेपाल सकारबाट स्वीकृत क्वारेन्टिनमा रहने व्यक्तिहरुको खाना खाजा मापदण्ड २०७७ मा क्वारेन्टिनमा रहनेको लागि खाना खाजाको व्यवस्था गर्दा सम्बन्धित जिल्लाको लागि तोकिएको प्रहरीको राशन दरको आधारमा गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले क्वारेन्टिन तथा आइसोलेशन रहनेको लगि खाना खर्च गर्दा तोकिएको आधार र दरबाट नगरी निम्नानुसारका संस्था र होटलहरुबाट गराई रु.2087975/- खर्च गरेको छ । <table><tr><td>भौ.नं./मिति</td><td>अवधि</td><td>रकम</td><td>संस्था/होटलको नाम</td><td>कैफियत</td></tr><tr><td>98/2078/3/20</td><td>2078/2/23 देखि 2078/3/29</td><td>491650</td><td>चम्लागाई खाजा घर हाम्रो खाजा घर</td><td></td></tr><tr><td>18/2077/7/2</td><td></td><td>495114</td><td>अर्जुनधारा जलेश्वरधाम</td><td></td></tr><tr><td>17/2077/7/2</td><td></td><td>345620</td><td>गौतम होटल</td><td></td></tr><tr><td>8/2077/5/26</td><td></td><td>386611</td><td>अर्जुनधारा जलेश्वरधाम</td><td></td></tr><tr><td>42/2077/9/9</td><td></td><td>39990</td><td>गौतम होटल</td><td></td></tr><tr><td>14/2077/6/6</td><td></td><td>76000</td><td>गौतम होटल</td><td></td></tr><tr><td>40/2077/9/2</td><td>2077/5/28-2077/7/7 सम्म</td><td>252990</td><td>गौतम होटल</td><td></td></tr><tr><td colspan="2">जम्मा</td><td>2087975</td><td></td><td></td></tr></table>क्वारेन्टिन र आइसोलेशनमा रहने व्यक्तिहरुको अनुगमन र वहिर्गमन खुल्ने अवधि तथा रहेको अवधि स्पष्ट गरी अभिलेख तयार नगरेको र दररेट सम्झौता वेगर नै तोकिएको आधार भन्दा फरक गरी खर्च गरेको पाइएको स्वीकृत मापदण्ड पालना गरेर मात्र खर्च गर्नुपर्दछ । **विपद व्यवस्थापनबाट योजनामा खर्चः** कोरोना संक्रमण नियन्त्रण कार्यको लागि प्राप्त रकम सवही कार्यमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयलाई प्राप्त रकमबाट संघीय सरकार हस्तान्तरित कार्यक्रम अन्तर्गत निर्माणाधिन जनता आवास कार्यक्रमबाट निर्माण गरिएका घरहरुमा क्वारेन्टिन स्थल बनाउने २०७७।४।२७ को कार्यपालिका निर्णयबाट उक्त भवनहरुको माटोपुर्ने तथा विजुली जडान लगायतका कार्य गराउन रु.690513/- को इस्टिमेट स्वीकृत गरी कार्य प्रारम्भ गरेकोमा घरहरुमा रंगरोगन समेतको थप कार्य गराई रु.930687/- खर्च गरेको पाइयो । निर्माण व्यवसायी मार्फत निर्माण भैरहेका घरहरुमा योजना हस्तान्तरण नहुदै थप काम गराई भुक्तानी गरेको पाइयो । योजना वेगर इष्टिमेट भन्दा बढी खर्च गरेको रकमलाई सभाबाट अनुमोदन भएको समेत पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**सामाजिक सुरक्षा तथा संरक्षणतर्फः** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति,२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७, को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट **रु.१९०७७८०००**/- प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छनः	
६२.१	विभिन्न		**करार व्यवस्थापन :**विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा पालिकाले वडा नं.१ र २ को भत्ता रकम एन.आई.सि.एशिया बैंक लिमिटेड-सनिश्चरे शाखा, वडा नं.३ को एक्सेल डभलपमेण्ट बैंक लि.- खुदुनावारी शाखा र वडा नं ४, ५, ६, ७, ८, ९, १० र ११ को भत्ता एक्सेल डभलपमेण्ट बैंक लि.- सनिश्चरे शाखाबाट वितरण हुनेगरेको पाईयो । लेखापरीक्षणमा करार सम्झौता माग गरिएकोमा पेश भएन । एक भन्दा बढी वडाको लाभग्राहीको सामाजिक सुरक्षा भत्ता बापतको रकम एउटै बैंकबाट निकासा दिएको देखियो । रणनीतिमा भएको व्यवस्थाको पालना गरी भत्ता वितरण हुनुपर्दछ ।	
६२.२	विभिन्न		**एम.आई.एस. विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । नगरपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेकोसमेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ । **प्रतिवेदनः** सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन । **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको लगत कट्टाको तपसिलको विवरण कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरि लगत कट्टा हुनुपर्ने सबै लाभग्राहीको भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । लगत कट्टा समयमै अद्यावधिका गरि मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ । <table><tr><th>वडा नं</th><th>लगत कट्टा संख्या</th></tr><tr><td>१-११</td><td>३०८</td></tr></table>	

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>६२.३</td><td>विभिन्न</td><td></td><td>थप निकासाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद ४ को बुदाँ नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतको आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाले प्रथम र दोश्रो चौमासिकमा निम्न रकम थप निकासा पठाएकोमा थप निकासा पठाउनुपर्ने आधार खुल्ने प्रमाण श्रेस्ता साथ संलग्न नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...
<table>
<tr><td>बैंकको नाम</td><td>प्रथम चौमासिक थप</td><td>दोश्रो चौमासिक थप</td><td>जम्मा</td></tr>
<tr><td>एन.आई.सि एशिया बैंक</td><td>४००००</td><td>३३१४००</td><td>३७१४००</td></tr>
<tr><td>एकसेल डेभलप्मेण्ट बैंक सनिश्चरे</td><td>३१४८८८६</td><td>१५१५५०३</td><td>४६६४३८९</td></tr>
<tr><td>एकसेल डेभलप्मेण्ट बैंक खुदुनावारी</td><td>२९५००</td><td>०</td><td>२९५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५०६५२८९</td></tr>
</table></td><td>५,०६५,२८९</td></tr>
<tr><td>६२.४</td><td>विभिन्न</td><td></td><td>खर्च भिडानः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३</td><td></td><td></td><td>
अनुगमन संपरीक्षण
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
(रु.हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>६०११०</td><td>२५०</td><td>५९८६०</td></tr>
</table>
यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th rowspan="2">सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th></tr>
<tr><td>१</td><td>२०७६।७७</td><td>५.३०</td><td>अग्रीम कर</td><td></td><td>७२००</td><td></td><td></td><td>७२००</td></tr>
<tr><td>२</td><td>२०७६।७७</td><td>१.३३</td><td>बैठकमा कर्मचारीहरु कार्यालयमा उपस्थित रहेको प्रमाण पेश गर्ने</td><td></td><td>१५१००</td><td></td><td></td><td>१५१००</td></tr>
<tr><td>३</td><td>गत वितगको आय बक्यौता</td><td></td><td>आयकर बक्यौता बलदेव गोम्देन तामाङ</td><td></td><td>१९३३२२</td><td></td><td></td><td>१९३३२२</td></tr>
<tr><td>४</td><td>गत वितगको पेश्की</td><td></td><td>एकदेव खनाल गत विगतको तलब पेश्की</td><td></td><td>३४२२०</td><td></td><td></td><td>३४२२०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>०</td><td>२४९८४२</td><td>०</td><td>०</td><td>२४९८४२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>

अद्यावधिक वेरुजु स्थिति

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

रु. हजारमा

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D
६०११०	२५०	७१३४५	०	१३१२०५

</td><td></td></tr>
</table>